# प्रदेश सभा

## गण्डकी प्रदेश

## नवौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## (आठौं बैठक)

## मिति : २०७८/१२/२५ गते, शुक्रवार विहानको ११.१९ बजे

प्रदेश सभाको नवौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ :१९ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम, शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री कृष्णबहादुर थापा कास्की ।

**माननीय श्री कृष्णबहादुर थापा**

माननीय सभामुख महोदय, यो विगत एक दुई दिन पोखरा हाम्रो गण्डकी प्रदेश सरकारको बारेमा धेरै टिका-टिप्पणी र पत्रिकाहरुमा धेरै कुराहरु आईरहेका छन् । यहाँ अहिले मेरो हातमा एउटा पत्रिका छ यो ढोरपाटन भन्ने र यहाँ हाम्रो सम्माननीत गण्डकी प्रदेश सरकारका एकजना मन्त्रीले कर्मचारीलाई पिटेको घाइते बनाएको आदि इत्यादि कुराहरु यहाँ आईरहेको छ र म सभामुखजीलाई भन्न चाहन्छु यो गण्डकी प्रदेश सरकार यो सरकार बनाउन यो संघीयता ल्याउन लोकतन्त्र गणतन्त्र हामीले यो चाहेको व्यवस्था ल्याउन हजारौं सहिदहरुको बलिदानबाट यो आएको हो । हामी जस्ता धेरै युवाहरु जसले राजनीतिमा सिङ्गो आफ्नो जीवनलाई लगाएर यो व्यवस्था आएको हो तसर्थ यो

कुनै गुण्डाराजको व्यवस्था हैन तसर्थ म यहाँ प्रश्न गर्न चाहन्छु । गण्डकी प्रदेश सरकार गुण्डाराज हो की गठबन्धनराज हो ? यो छुट्टाउन पनि गाह्रो भयो तसर्थ यो घटनाको बारेमा यो सम्मानित सभालाई सबै तथ्य सत्य वास्तविकता यो सभामा सभामुख मार्फत राखियोस् भन्ने म जोडदार माग गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङ, पर्वत

**माननीय श्री ललितकला गुरुङ**

माननीय सभामुख महोदय, पर्वतको मोदी गाउँपालिका वडा नं. ३ देउरालीको घुरुङ्गा र क्यान, लेसपार्क र जलजलाको सालिजा लगायतका केही ठाउँहरुमा अल्लोको कपडाहरु बन्ने गर्छन् र त्यहाँको गुनासो के छ भन्दा हामीले कपडा उत्पादन गर्छौं तर बजार पाईएन र बजार मिल्यो भने पनि कोशेली घरहरुमा जाने गर्छन र जादाँ पनि ६ महिना पछी मात्रै भुक्तानी पाईन्छ र भनेको मूल्य पाईदैन भनेर त्यहाँको गुनासो छ र प्रोत्साहनका लागि केही कार्यक्रम र बिक्रीको लागि बजार व्यवस्थापनको व्यवस्था होस भनेर सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहिं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।सर्वप्रथम, माननीय सदस्य श्री विकास लम्साल । समय १० मिनेट ।

**माननीय श्री विकास लम्साल**

माननीय सभामुख महोदय, प्रदेश सभामा माननीय सदस्यहरुले उठाउनु भएका जिज्ञासा र प्रश्नहरुको जवाफ माननीय मन्त्रीज्यूहरुबाट सुनियो । माननीय सभामुख महोदय, मार्फत म सरकारको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु । माननीय सदस्यहरुले अत्यन्तै

महत्वपूर्ण प्रश्नहरु जिज्ञासाहरु संसदमा उठेका छन् । माननीय मन्त्रीज्यूहरुको जवाफ लगातार हामीले २ दिन सुन्यौं त्यसबाटै अब यो सरकारको काम गर्ने तरिका, यो सरकार कति बेखबर छ, यो सरकार कान सुन्छ की सुन्दैन, आखाँ देख्छ की देख्दैन, परिस्थिति बुझ्छ की बुझ्दैन, म सभामुख मार्फत सरकारको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु, सभामुख महोदय । अहिले बजारमा महङ्गी आकाशिएको छ, रडको भाउ भन्नुहुन्छ भने कति बढेको छ, दुधको भाउनै १२० रुपैयामा किन्ने दुध अहिले १३० भएको छ । कुन चिजको सामानको मूल्य वृद्धि भएको छैन, सभामुख महोदय, तर रोष्ट्रमबाट मन्त्रीले जवाफ दिदाखेरी सब कुरा ठीकठाक छ, केही तपाईहरु आत्तिन पर्दैन ढुक्क हुनुहोस भनेर जवाफ आउँछ । अब यो सरकारले सदनलाई कति कुरा ढाटेको छ, कति कुरा झुटो बोलेको छ, त्यो कसरी बुझ्ने सभामुख महोदय । सरकारले कमसेकम परिस्थितिको जानकारी त राखोसन, सरकारले अहिले अन्तर्राष्ट्रिय अब रसिया र युक्रेनको युद्धले गर्दाखेरी तेलको भाउ बढ्यो त्यसको प्रभाव पर्यो भन्दा त सत्य कुरा भन्न सक्न पर्योनि सभामुख महोदय सरकारले । त्यसको प्रभाव पर्यो अहिले तपाईले दैनिक उपभोग्य सामान बाहेक अत्य आवश्यक सामान बाहेक गाडी खरिद नगर्नुहोस् हाम्रो सरकारले पनि त्यो गर्दैन लिक्विडिटी अभाव हुन दिन्न भनेर जनतालाई आव्हान गर्न किन सक्दैन यो सरकारले सभामुख महोदय, र मैले सरकारका सबै मन्त्रीहरुले मञ्चमा जाँदाखेरी रोष्ट्रममा जाँदाखेरी के भन्नुभयो भने रोईलो गर्नुभयो भने विगतको सरकारले धेरै बाटाहरुमा टेण्डर लगाईदियो विगतको सरकारले धेरै पानीका धाराहरु बनाउनका लागि बढी खर्च गर्यो, विगतको सरकारले पर्यटनमा यति गर्यो, विगतको सरकारले उद्योगग्रामहरु बनउने भनेर यसरी काम गर्यो त्यसले गर्दाखेरी बजेट बढी भयो अर्को बजेट पुर्याउन सकिएन भनेर रोईले गर्नुभयो सभामुख महोदय, विगतको सरकारले यति नालायक, यति अपवित्र गठबन्धन आउँछ भनेर त्यो सडकको टेण्डर लगाएको होईन सभामुख महोदय, जनताका समस्या समाधान गर्नका लागि ति काम गर्नका लागि गरेको हो । एउटा शिव खेराको भनाई छ तपाई त्यो काम गर्न सक्नुहुन्छ त्यही काम आफूले गर्दा त्यही काम फरक क्षमता राखेर गर्दाखेरी गर्न सकिन्छ भन्ने कुरा विगतको सरकारको कुरा हो सभामुख महोदय, आज विगतको सरकार अहिले प्रतिपक्षमा छ कमसेकम तपाईहरुले विगतको सरकारले गरेका योजनाहरु हेर्नुहोस् हामीले अहिलेको १,०६५ प्रति व्यक्ति आयलाई अबको ५ वर्षमा

डबल पुर्याउछौं भनेका थियौं अब हामीले अबको २० वर्षमा दिर्घकालिन योजनालाई व्यवस्थित गरेर पर्यटनबाट कृषिबाट पशुपालनवाट हामी प्रत्येक गण्डकी प्रदेशबासीलाई १५,००० डलर कमाउन सक्ने बनाउछौं,  भनेका थियौं तपाईहरुले  ति कुराहरु त पढिदिनुसन, तपाईहरुले  ति कुराहरु त हेरीदिनुहोसन, तपाईले दिर्घकालिन योजनाहरुलाई नाम लेख्ने बजेट नराख्ने एउटा काम नगर्ने यो सरकारले यो ९ महिनामा गरेको एउटा मात्र राम्रो काम भनोसत् सभामुख महोदय, रोष्ट्रमबाट यस्ता किसिमका गैर जिम्मेवार तरिकाबाट सरकार चल्न सक्छ की सक्दैन यो एउटा कुहिएको अण्डा जस्तो बाहिरबाट यो फोर्यो भने गन्हाउँछ । यो फोर्यो भने सडेको कुराले खपिनसक्नु हुन्छ जनताले त्यो कुरा राम्ररी बुझेका छन् तर यो अपवित्र गठबन्धन बन्यो । यो एउटा हिसाबले बन्यो यो एउटा सरकार छ भन्नुपर्ने बाध्यता अहिले जनतालाई छ । यसको जवाफ जनताले अब वैशाखको ३० गते दिनेछन् । त्यो भन्दा अगाडि हामीले अरु कुनै उपाय छैन सभामुख महोदय, यसको जवाफ अब जनताले मसिंरमा दिनेछन् तर सरकार अहिले पनि यो मुलुकमा जनताले यो सबै कुरा हेरेका छन् । हामीले गरेका काम क्रियाकलापहरु सबैले हेरेका छन् भन्ने कुरा राम्ररी बुझोस् सभामुख महोदय,  हिजो हामीले सरकार संचालन गर्दाखेरी हामीले पूँजिगत खर्च कति बढाएका थियौं । सामान्य खर्चलाई कति न्यूनिकरण गरेका थियौं, अहिले सरकार छ भने बाटोमा हिड्दाखेरी गाडीमा झण्डा हल्लाएको देख्न पाईएला अरु कुनै जनताले सरकारको अनुभूति गर्ने अवस्था छैन सभामुख महोदय । आज यही सरकारले विगतमा गरेको कोभिडको बेलामा स्वास्थ्यका कर्मचारीहरुले राम्रो काम गरे भनेर एउटा पुरस्कृत गरिन्छ, पुरस्कृत गरिएको छ । कर्मचारीले राम्रो खटेका पनि हुन् , त्यो बेला राम्रो काम गरेका पनि हुन् , अहोरात्र खटेर त्यस्तो कोभिडको माहामारीमा पनि एउटा राम्रो अवस्थामा आयो । आज त्यही मन्त्रालयका कर्मचारीहरुलाई छानी छानी उनिहरुलाई राजनीतिक पूर्वाग्रह राखेर स्पष्टिकरण सोधिएको छ सभामुख महोदय, यो के गर्न खोजिएको हो यो सरकारले यो हरेक क्षेत्रमा वितण्डा मच्चाउने हरेक क्षेत्रमा आतङ्क मच्चाउने कर्मचारीहरुको मनोबल गिराउने आम जनताप्रति सरोकार नराख्ने विकास बजेटहरु टुक्रे बजेट बनाएर पानीको थोपा जस्तो त्यहाँ बजेट गएको भनेको छ जादाँखेरी एउटा केही काम पनि भएको छैन । यस्तो यो फोके बजेट बनाएर दिर्घकालिन योजनाहरुलाई असर पार्ने काम सरकारले

गर्नुहुन्छ की हुदैन अब यो सरकारलाई के गर्ने हो सभामुख महोदय, यत्रो सदन चलिरहेको छ सांसदहरुले गम्भिर रुपमा कुरा उठाईरहेका भए छन् एउटा राम्रो काम रोष्ट्रममा आएर भन्न सक्दैन सरकारले हिजो हामी क्याम्पस पढ्दाखेरी एउटा संगठनले एउटा कुरा बोल्यो भने अर्को संगठनले तुरुन्तै जवाफ दिन्थ्यो एउटा मन्त्रीले सांसदले कुरा उठायो भने दगुरेर गएर रोष्ट्रममा जवाफ दिने यो कस्तो किसीमको सरकार हो ? यसले सरकार संचालन गर्ने विधि प्रक्रिया र अभ्यासलाई बुझेको छ की छैन सभामुख महोदय, कमसेकम त्यो कुरा के भएको हो किन माननीयहरुले उठाउनु भयो किन त्यो कुरा उठ्यो के हो भनेर एकछिन पनि धैर्य गर्न नसक्ने यो कस्तो सरकार हो सभामुख महोदय, यसरी यस्तै अभ्यासले यस्तै तरिकाले यस्तै कुराले यो सरकार स्थापित हुन सक्छ की सक्दैन ? संघीयता बलियो हुन सक्छ की सक्दैन ? हामी यो कुरा आम रुपमा जनतालाई आव्हान गर्न चाहन्छौं । यस्तो नालायक सरकार यस्तो अपवित्र सरकार यस्तो गठबन्धन बनाएर मुलुक माथि दुर्दशा गर्ने यो जनताबाट निर्वाचित प्रतिनिधिहरुले गर्न मिल्छ की मिल्दैन कमसेकम एउटा मात्र राम्रो काम गरेको कुरा रोष्ट्रमबाट भन्ने आँट गर्नुसन हामीले यो हिजोको सरकारले गरे भन्दा यो काम गरेम यो भयो भनेर तपाई भन्न नसक्ने माननीय सदस्यहरुले उठाएका कुराहरुलाई एउटा आले टाले हिसाबले आज यत्रो महङ्गी भएको छ यत्रो किसिमको असुरक्षा भएको छ । अहिले हामी एउटा निर्वाचनमा जाँदैछौं अहिले खाली गठबन्धनको यो महागठबन्धनको कुरा गरेर अनि जनतालाई यो के का लागि हो यो हिजोको सरकारले गरेका राम्रा काम रोक्नका लागि हो की मुलुकलाई दुर्दशामा पुर्याउनका लागि हो की मुलुकमा के गर्नका लागि हो यो अब यस्तै अरु धेरै जवाफदेही बनोस् जिम्मेवार बनोस् आज प्रतिपक्षले अब यो भन्दा कति धैर्य गर्ने हामी यो एउटा परमादेशी संघीय सरकार र त्यसैको गठबन्धनको प्रभाव तल परे पनि अन्तराष्ट्रिय षडयन्त्रबाट भएपनि जनताले यो कुरा राम्ररी हेरेका छन् । आज जनताको जनाधारले त्यो कुरा देखाई सकेको छ यदि यो सरकार सही छ भने एक्लै नेकपा एमालेसंग लड्ने हिम्मत गरेर आओस एउटै पार्टी आओस आज छैन यसको कुनै तागत छैन यसको कुनै बल छैन । यसले केही गर्न सक्दैन यसले षडयन्त्र गरेर जालझेल गरेर ईर्शा गरेर कुण्ठा गरेर मात्रै यो निश्चित केही समय सम्म जाने हो भन्ने कुरा आज जनताको बिचमा प्रमाणित भैसकेको छ सभामुख महोदय । म सरकारको मुख्यमन्त्रीको सभामुख मार्फत मुख्यमन्त्री

लगायत मन्त्रीज्यूहरुको ध्यानाकर्षण गराउन चाहन्छु । तपाईहरु गम्भिर बन्नुस् , तपाईहरु जवाफदेही बन्नुस् , तपाईहरुले गरेका कुराहरु पारदर्शी गर्नुस् , तपाईहरुले यो कुरा उठाउनका लागि म सभामुख मार्फत संसदको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब, माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी । समय ७ मिनेट ।

**माननीय श्री मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, नेकपा एमाले संसदीय दलको तर्फबाट हामीले यो सरकार जुन ढङ्गले गठन भयो त्यसले जसरी बजेट भाषण गर्यो र त्यस पछी विगतको सरकारको योजना त्यसको कार्यान्वयनको पक्षमा जसरी उपेक्षा गरेर बजेट आयो त्यस पछी हामीले नेकपा एमाले संसदीय दलको तर्फबाट माननीय मुख्यमन्त्रीसंग ध्यानाकर्षण पत्र लिएर गयौं ज्ञापन पत्र मार्फत वहाँहरुसंग छलफल गयौं । संसदीय दलकै नेता प्रमुख सचेतक लगायतको माननीय सदस्यहरुको उपस्थितिमा हामी छलफल गर्यौं र हामीलाई विकासका सन्दर्भमा योजनाका सन्दर्भमा सरकारले जे कुरा गरिरहेको थियो त्यसको बारेमा छलफल हुँदा हामीले गम्भिर ढङ्गले प्रश्न उठाएका थियौं । प्रदेश गौरबका योजनाहरु र प्रदेश सरकारले अगाडि सारेका क्रमागत योजनाहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा हामीले ध्यान आकर्षण गराएका थियौं ३ पटक सम्म हामी त्यहाँ छलफल गर्यौं माननीय मन्त्री त्यति बेलाको  कुमार माननीय मन्त्रीज्यूसंग हामीले छलफल पनि गर्यौं र एउटा निष्कर्षमा वँहाले लेखेर दिएको टिप्पणी मसंग अहिले पनि छ । पाँचवटा बुँदामा हामी सहमत गर्छौं हामी प्रतिपक्ष दलको यो ज्ञापन पत्रमा हाम्रो ध्यानाकर्षण भएको छ हामी कार्यान्वयन गर्छौं भन्नुभएको थियो । त्यो कति कार्यान्वयन भयो होला भनेर मैले यसो हेरें छलफलबाट आएको निष्कर्ष के थियो भने कम्तिमा क्रमागत योजनाहरुलाई  हामी निरन्तरता दिन्छौं भनेर प्रतिवद्धता जाहेर गरिएको थियो । मलाई लाग्छ मैले मेरो निर्वाचन क्षेत्रमा १६ वटा सडकका योजनाहरु थिए एक डेढ करोडका दुई तिनवटा योजनाहरु थिए ति योजनाहरु अहिले सम्म कहीं पैसा परेको भन्ने मेरो सोचाईमा वा मेरो देखाईमा वा जनताको नजरमा त्यो छैन । मैले उठाउन खोजेको कुरा के हो भने बजेटको व्यवस्थापन

गरेर हामी कार्यान्वयन गर्छौं भनेर रातो किताबमा नाम लेखेर बजेट थप बजेटको व्यवस्था भए पछी गर्छौं भनेर प्रतिवद्धता जाहेर गर्नुभएको थियो बजेट त आईसक्या रे अनि कार्यान्वयन पनि भएको छ मैले एउटा मात्र उदाहरण भन्छु डेढ करोडको सडक निर्माण भैरहेको साईडबाट ५ लाखको बाटो एउटा गाउँतिर लगेर अनि त्यो पुरा गर्नुभएछ धन्यवाद । सभामुख मार्फत म यो सरकारलाई धन्यवाद दिन चाहन्छु त्यो क्षेत्रका जनता, वालिङ हुवास सम्मको सडकको निर्माण गर्ने ठाउँमा डेढ करोडको बाटो निर्माण भैरहेको ठाउँमा त्यहाँबाट डाईभर्ट गरेर ५ लाखको एउटा बाटो हाल्नु भएछ अनि त्यो रातो किताबमा लेखिएको खाली बजेट त भनैं बिर्सिनुभयो । त्यसैले म सभामुख मार्फत यो सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । मैले त्यो क्षेत्रमा गएर अब के भन्ने होला भने यो सरकार जनविरोधी सरकार हो त्यसैले यो जनताको विरोधी सरकार भएकोले यहाँको काम यस्तो गरेको भनेर भन्न नपरोस भनेर मैले पटक पटक ध्यान आकर्षण पनि गराएको छु र मेरो अर्को कुरा के हो भने अवण्डा बजेट राखिरहेको बेला हामी छलफल गरेका थियौं र त्यो छलफलमा के भनिएको थियो भने कम्तिमा प्रतिपक्षसंग पनि छलफल गरेर बजेटलाई व्यवस्थापन गर्ने कुरामा यहाँहरुका भनाईहरुलाई पनि सम्बोधन गरिन्छ भनेर प्रतिवद्धता जाहेर गर्नुभएको थियो । शायद मलाई लाग्छ कुनै माननीयहरुले गएर हाम्रो दलको नेताले गर्नुभएको छ भने सरी मलाई थाहा छैन । सभामुख महोदय, म के आग्रह गर्न चाहन्छु भने सरकार जनताप्रति उत्तरदायी हुनुपर्छ । संसदप्रति उत्तरदायी हुनुपर्छ त्यसैले हामीसंग भएका विषयवस्तुहरुलाई खेल ठट्टाको रुपमा लिनुहुँदैन यस्तो नगरियोस् भन्ने मेरो आग्रह छ । त्यति मात्र हैन अहिले बजेट कटौति त गर्नुभयो अनि हामीले एक सडक एक निर्वाचन क्षेत्र एक सडक भनेर भन्यौं लाग्छ अहिले पनि सम्बोधन भयो भनेर प्रचार गरिएको छ ३४ करोडको टेण्डरबाट बायाँटारी –उपियाचौर हुदै सेतीबेनी जाने सडक टेण्डर भएर काम शुरु भैरहेको थियो यस पटक कम्तिमा त्यसलाई बजेट पुर्याएको भए पर्वत सम्म जोडने गरी सेतीबेनी सम्म जोडने सडक पुरा हुन्थ्यो र बजेट त छुट्टाएको रहेछ १० करोड समथिङ देखेको छु । अनि त्यो अधुरो योजनाहरुलाई हिजो यहाँ माननीय मन्त्रीज्यूहरुले बोल्दा पनि सुने मैले भनेको बाटा खनेर लथालिङ्ग बनाईयो भनेको पनि सुनियो अनि विगतको सरकारले अगाडि सारेका योजना त्यसलाई सम्पन्न गर्ने यो सरकारको दायित्व हो की होईन ? सभामुख महोदय, म सरकारको

गम्भिर ध्यान आकर्षण गर्न चाहन्छु । फेरी पनि यो सरकारले अहिले अगाडि सारेको भोलि अर्को कुनै सरकार आउँदा पनि त्यसलाई वेवास्ता गरेर जनताले अपेक्षा गरेको त्यहाँको आवश्यकतालाई परिपूर्ति गर्ने सन्दर्भमा चाहे त्यो पर्यटनको क्षेत्रमा होस यहाँहरुले होमस्टेमा कति पैसा पठाउनु भयो मेरो निर्वाचन क्षेत्रमा मलाई सोधिरहेका छन् । मुख्यमन्त्री जलवायु कृषि गाउँ हरेक वर्ष एउटा थप्दै जाने भन्ने थियो मलाई आज पनि जनताहरुले प्रश्न गरिरहेका छन् तपाई यहाँको जनप्रतिनिधि भएको नाताले यो क्रमागत योजनाहरुमा किन आएन भनेर प्रश्न गरिरहेका छन् । यसकारण सरकारसंग बजेट नभएको भए सरकारले बजेट कहाँबाट ल्याएर काम गरिरहेको छ मलाई थाहा छैन । दुई लाख तिन लाखका योजनाहरु गाउँतिर छरिरहेको छ कुन विधि कुन प्रक्रियाबाट गैरहेको छ त्यहाँको वडाध्यक्षहरुले भन्ने गर्नुभएको छ यो तिन लाखको काम त हामीले नै गरिदिन्थ्यौं नि किन गण्डकी प्रदेश सरकारले दुःख पाएको होला भनेर पनि भन्नु भएको छ । यसकारण गैर जिम्मेवार ढङ्गले यो सरकार संचालन हुन हुदैन भन्ने हाम्रो मान्यता हो । किनभने सभामुख महोदय, गण्डकी प्रदेश सरकार जनताप्रति प्रतिवद्ध भएर जुन खालका योजनाहरु अगाडि सार्यो ति सबै योजनाहरुलाई कार्यान्वयन गर्ने अघिल्लो सरकारले अगाडि सारेका योजनाहरु सम्पन्न गर्ने दायित्व एउटा जिम्मेवार सरकारले त्यसलाई महशुश गर्नुपर्छ र यस्ता कमजोरीहरुलाई हटाउनु पर्छ । त्यति मात्रै हैन उठिसकेका छन् विषयहरु सुरक्षाको प्रत्याभूति मात्रै होईन सुशासनको प्रत्याभूति कति दिन सकिएको छ र विभिन्न बनेका समितिहरुलाई डिजल्भ गर्नको लागि स्पष्टिकरण सोध्ने र संरचनाहरु भत्काउन कोशिश गरेको छ । म चुनौति दिन चाहन्छु यदि यो ढङ्गले यो सरकार अगाडि बढ्ने हो भने प्रतिपक्ष चुप लागेर बस्दैन भन्ने कुरा पनि ख्याल राख्दै म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहिं समाप्त हुन्छ ।माननीय सदस्यहरु, अब म, माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई महालेखा परिक्षकको आर्थिक बर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २९४ को उपधारा ३ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम २०१ बमोजिम महालेखा परिक्षकको आर्थिक बर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । कृष्ण चन्द्र नेपाली पोखरेल, मुख्यमन्त्री ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेशको आर्थिक बर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेल**

माननिय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले मुख्य न्यायधिवक्ताको कार्यालय गण्डकी प्रदेशको आर्थिक बर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । कृष्ण चन्द्र नेपाली पोखरेल, मुख्यमन्त्री ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय भूमी व्यवस्था, कृषि तथा सहकारी  गरिबी निवारण मन्त्री  श्री चन्द्र बहादुर बुढालाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय भूमी व्यवस्था, कृषि तथा सहकारी  गरिबी निवारण मन्त्री  श्री चन्द्र बहादुर बुढा**

माननिय सभामुख महोदय, यस सम्मानित सभामा नवौं अधिवेशनको सन्दर्भमा भूमी व्यवस्था, कृषि तथा सहकारी  गरिबी निवारण मन्त्रालयसंग सम्बन्धित विषयवस्तुका सन्दर्भमा माननीयज्यूहरुबाट महत्वपूर्ण सल्लाह र सुझाव जिज्ञासाहरु राख्नुभएको छ त्यस प्रति म विशेष धन्यवाद दिदै आफ्नो तर्फबाट धारणा व्यक्त गर्न चाहन्छु । माननिय सभामुख महोदय, उच्च घनत्व स्याउ सम्बन्धमा विगतका आर्थिक बर्षमा अनुदान उच्च

घनत्वको स्याउ वितरणका लागि विदेशबाट इटालिबाट विशेषत विरुवा आयात गर्दा प्रक्रियागत जटिलता कोभिड १९ को प्रभाव कारण केही ढिलाई हुन गएको विरुवा वितरणको सन्दर्भमा सम्बन्धित प्राविधिकहरुको निरीक्षण पश्चात मात्र स्वस्थ्य विरुवा वितरण गरिएको विरुवा पोषण रोपण पछिको क्षति न्यूनिकरणको लागि कृषकहरुको क्षमता अभिवृद्धि गर्न तालिम संचालन गरिएको कृषकलाई राज्यको सहयोगको महशुस हुने गरी विरुवामा अनुदान २५ प्रतिशत वृद्धि गरी ७५ प्रतिशत सम्म पुर्याईएको र बगैचा व्यवस्थापनको लागि समेत अनुदान सहयोग ५० प्रतिशत उपलब्ध गराईएको विगतका आ.व.मा रोपण भई क्षति भएका विरुवाको ग्याप फिलिङ गर्न आगामी आर्थिक वर्षमा समेत बजेट विनियोजन गर्ने तयारी गरिएको समयमानै विरुवा आपूर्ति तथा वितरण गर्नुपर्ने र क्षति न्यूनिकरण तथा कृषकलाई प्रोत्साहन गर्नुपर्ने सुझावका लागि धन्यवाद व्यक्त गर्दै सोको लागि मन्त्रालय प्रयाशरत रहेको प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । दुईमा दैवी प्रकोप तथा रोगव्याधीका कारण पशुपंक्षीमा भएको क्षति सम्बन्धमा पर्वतको फलेवास नगरपालिका ३ शंकर पोखरीमा रहेको घिमिरे पोल्ट्रि फर्ममा भएको क्षति सम्बन्धमा हाम्रो जिल्ला स्थित भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्वत क्षतिपूर्ति सम्बन्धी निवेदन पेश नभएको भएता पनि विज्ञ केन्द्रबाट अनुदान गरी अण्डा फर्किने समस्या देखापर्ने देखा परी मरेका कुखुराको स्याम्पल टेष्टको लागि पशु रोग अन्वेषण प्रयोगशाला पोखरामा पठाईएको स्याम्पल टेष्ट पछी मिनरल तथा भिटामिनको कमी भएकोले क्याल्सियम भिटामिन फस्फोरस खुवाउने सल्लाह दिएको उक्त मिनरल भिटामिन खुवाएपछी अण्डा फर्किन सक्ने समस्या कन्ट्रोल भएको छ । हालसम्म खोरमा जम्मा ११०० कुखुरा मरेको र सबै कुखुराको बिमा भएको हुनाले क्षति विवरण सम्बन्धमा बिमा कम्पनिले गर्ने हुँदा क्षति अनुसारको राहत बिमा कम्पनिलेनै दिने व्यवस्था भएको हुनाले मन्त्रालयबाट दोहोरो हुन नसक्ने व्यहोरा जानकारी गर्दछु । त्यस्तै, ७८ कार्तिक २८ र फागुन महिनामा मुस्ताङ जिल्लामा हिम पहिरोको कारणले याक चौरीमा भएको क्षति सम्बन्धमा खासाङ गा.पा. न्युरीकोटमा सकेन्द्र गौचनको ७ वटा भिम प्रसाद थकालीको ६ वटा चौरी मृत्यु भै भएको क्षति पुनर्स्थापनाका लागि पशु सेवा विज्ञ केन्द्र मुस्ताङबाट दुबैलाई रु ५७,५०० का दरले सहयोग भएको । त्यस्तै गरी मिति २०७८ फागुनमा थासाङ्ग गा.पा. न्युरीकोटमा भएको हिम पहिरोबाट सुशिला गौचनको १० चौरी

मरेको, १५ वटा पुरिएका फार्म पुनर्स्थापना स्वरुप ५४,५०० सहयोग गरिएको । क्षति बराबरको राहत रकमको लागि उपलब्ध बजेट अपर्याप्तताका कारण थोरै भएपनि व्यवसाय पुनर्स्थापना सहयोग स्वरुप रकम प्रदान गरिएको व्यहोरा जानकारी गर्दछु । तिनमा खेतीयोग्य जमिनको खण्डिकरण व्यवस्थापन सम्बन्धी सामूहिक खेती सहकारी खेती प्रवर्धनका साथै व्यवसायिकरण र यान्त्रिकरणका लागि चक्लावन्दीको आवश्यकता महशुस गरी मन्त्रालयले चक्लावन्दि कार्यक्रम कार्यान्वयन र प्रवर्धन कार्यक्रम संचालन गरिरहेको छ । केही समय केही संघीय कानूनहरु जग्गा नापजाँच ऐन २०१९, जग्गा नापजाँच नियमावली २०५८, भूमी सम्बन्धी ऐन र यसैको नियमावली २०२१ अनुसार व्यवस्था उपर हुने गरी खेतीयोग्य जमिनको जेगेर्ना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चितता गर्दै खण्डिकरणबाट बचाउनको लागि चक्लाबन्दी कार्यक्रम संचालन गरिएको छ । चक्लाबन्दी प्रवर्धन कार्यक्रम कार्यान्यन कार्यविधि ७५ अनुसार चक्लाबन्दी गरेको स्थानमा १० वर्षसम्म कम्तिमा २ बाली लगाउने प्रतिवद्धता जनाउनु पर्ने व्यवस्था रहनुका साथै कम्तिमा १० वर्ष खेती बाहेक अन्य कुराहरु जस्तै प्लटिङ आवास उद्योग संचालन गर्न नपाईने भनिएको छ ।यसका साथै भूमी सम्बन्धी विषय सबै तहका सरकारको सरोकार र महत्वको विषय समेत रहेको हुनाले व्यवस्थापनमा सबैको हातेमालो अपरिहार्य रहेको छ । राष्ट्रिय भूमी आयोग सम्बन्धी नियमावलीमा स्थानीय तहले कृषियोग्य भूमिको पहिचान गर्ने र कृषियोग्य जमिन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई वस्तिका लागि वितरण नगर्ने भन्ने व्यवस्था रहेको छ । भू-उपयोग ऐन २०७६ ले जग्गाको वर्गिकरण भूमी बैङ्क स्थापना गर्ने व्यवस्था गरिएको छ । हरेक स्थानीय तहमा कार्यान्वयन समिति गठन भै सो मार्फत भूमीको संरक्षण दिगो उपयोग गर्ने र कृषियोग्य जमीन बाझो रहे नरहेको अनुमान गर्ने र समस्या समाधानको विकल्प तयार गर्ने व्यवस्था गरेको भएपनि अवस्था भने सो अनुसार भएको पाईदैन । अतः चक्लाबन्दी कार्यक्रम कृषियोग्य जमिनको प्लट सुधार कार्यक्रमलाई राष्ट्रव्यापी रुपमा अगाडि बढाउने र राज्यले लगानी गरेको जग्गा २८.५४ बेच्न कृषि प्रयोजन बाहेक अन्यत्र उपयोग बेचबिखन गर्न नपाईने गरी कृषि भूमी वर्गिकरण गरीएका जग्गालाई मालपोतमै रोक्का राख्न सक्ने गरी कानूनी व्यवस्था गर्न आवश्यक देखिएको छ । ४ मा सिञ्चाई तथा बाझो जग्गा व्यवस्थापन सम्बन्धी - सिञ्चाई कृषिको विकासको लागि अपरिहार्य र

अनिवार्य शर्त भएता पनि गण्डकी प्रदेशको कार्यविभाजन नियमावली अनुसार कृषि मन्त्रालयको कार्य विभाजन अन्तर्गत परेको छैन । स-साना सिंचाईका आयोजनाहरु कृषि मन्त्रालयबाट सञ्चालन भैरहेका छन् । सिंचाई कृषि मिटरमा सहुलियत दिने गरी विभिन्न स्थानीय तहले समेत कार्यक्रम राखी सञ्चालन गरिरहेका छन् । पछिल्लो समय बाझो जमिनलाई खेति गर्नका लागि प्रोत्साहन स्वरुप जग्गा व्यवस्थापन र खेती गरे बापत प्रति रोपनि ५,००० का दरले उपलब्ध गराएका छौं । जसबाट प्रदेशका धेरै जिल्लाका कृषकहरु लाभान्वित भएका छन् । पाँचमा लङ एण्ड दुर तालिम सम्बन्धमा यस मन्त्रालय र आभारा नेपाल कम्पनी आराभा नेपाल कम्पनी लिमिटेडले तिन महिने आवासीय लङ एण्ड दुर तालिम संचालन सम्बन्धमा सम्झौता भई गत आ.व. मा एउटा तालिम मार्फत ५४ जना युवाहरुलाई तालिम प्रदान गरिएको छ । उक्त कार्यक्रमको मुख्य उद्देश्य युवाहरुलाई रोजगार, प्रयोगात्मक तालिम मार्फत क्षमता अभिवृद्धि गरी कृषि व्यवसाय संचालन गर्न प्रेरित गर्नु हो । लङ एण्ड दुर तालिम संचालन कार्यक्रम संचालन सम्बन्धी मापदण्डमा र उक्त आराभा नेपाल कम्पनी लिमिटेडसंग गरिएको सम्झौतामा पनि तालिम प्राप्त व्यक्तिहरुलाई इजरायल पठाउने सम्बन्धी विषय उल्लेख भएको छैन । यस मन्त्रालयबाट छनौट भई तालिम प्राप्त गरेका युवाहरुलाई इजरायल पठाउने नपठाउने विषय उक्त संस्थासंग सम्बन्धित विषय हो । तसर्थ यस विषयमा मन्त्रालयको प्रत्यक्ष भूमिका केही रहदैन । चालु आ.व. मा उक्त तालिममा बजेटका लागि बजेट विनियोजन भएको छैन । यद्यपि सो संस्थासंग यस मन्त्रालयको ५ वर्षका लागि सम्झौता भएकोले कार्यक्रमको निरन्तरता बारे छलफल भैरहेको छ साथै यसै क्रममा इजरायली राजदूत समेत परिवर्तन भएको हुँदा पनि प्रक्रिया ढिलाई भएको र हालै मात्र समन्वय र छलफल समेत भएको व्योहोरा जानकारी गर्दछु । ६ मा प्रादेशिक महत्व भएका विभिन्न नगदे बालीहरुको अवस्था सम्बन्धमा प्रादेशिक महत्व तथा उच्च मूल्य जाने लमजुङ जिल्लाको मुख्य बालीको रुपमा रहेको अलैचि बालीमा तोला सोठार गाउँपालिका बगु र बेशि शहर नगरपालिका खाचेमा अभियानमूलक तालिम संरक्षण कार्यक्रम संचालन भएको त्यस्तै प्रदेशकै महत्वपूर्ण व्यवसायिक महत्वको बाली भएको सुन्तला जात फलफूलमा लाग्ने भाइरस निदानको लागि नाष्ट पछी पहिलो पटक हाम्रै प्रदेशको बाली संरक्षण प्रयोगशालामा पिसिआर ल्याब टेष्ट अप गरिएको छ । यस वर्ष पनि कूल ३८ वटा नमुना परिक्षण

गरिएकोमा १४ वटा स्याङजा, म्याग्दी र तनहुँ पोजेटिभ रिजल्ट प्राप्त भएको छ । त्यस्ता रोगग्रस्त बोट तथा बगैचाहरुलाई सम्बन्धित जिल्लाका ज्ञानकेन्द्रहरु मार्फत व्यवस्थापन गर्नको लागि आदेश भएको छ । माननीय सभामुखज्यू, गण्डकी काउ फर्म रुरल पोभर्टि रिडक्सन थ्रु डाइरेक्ट डेभलपमेन्ट इन नेपाल नामक आयोजना सम्बन्धमा प्रदेश मन्त्रिपरिषदलले मिति २०७६।१०।९ को बैठक निर्णयबाट रुरल पोभर्टि रिडक्सन थ्रु डाइरेक्ट डेभलपमेन्ट इन नेपाल आरपिआर डिडिएन नामक आयोजना संचालनको लागि आवश्यक पर्ने लगानी मध्ये बढीमा ११ करोड रुपियाँ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले प्रदेश सरकारको गौरबको आयोजनाको रुपमा शेयर कायम हुने गरी लगानी गर्ने निर्णय भएको थियो । सार्वजनिक निजि साझेदारीमा संचालन गरिने उक्त आयोजनामा साझेदारको रुपमा प्रदेश सरकारका तर्फबाट प्रदेश दुग्ध विकास बोर्ड निजी क्षेत्रको तर्फबाट गण्डकी काउ फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि. र आयोजना स्थलका समुदायहरु साझेदारको रुपमा रहने र प्रदेश सरकारले प्रदेश दुग्ध विकास बोर्डको अगुवाईमा सार्वजनिक निजि साझेदारीको मोडेलमा गण्डकी काउ फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि. मार्फत आयोजना कार्यान्वयन स्थलको जमिन प्राप्ति गरी बाटो, पानी र विजुलीको सुविधा सुनिश्चितता गर्दै उक्त स्थानमा टोपोग्राफी म्याप क्यान्सलाई उपलब्ध गराए पछी साइन्स एकेडमी अफ एग्रिकल्चर अर्गनाइजेसन साइन्सले डिटेल प्रोजेक्ट रिपोर्ट (डिपिआर) तयार गर्ने र डिपिआर तयार गरिसकेपछी प्रदेश सरकारले संघीय सरकार मार्फत चिनिया पक्षसंग आयोजना कार्यान्वयनका लागि अन्तिम सम्झौता गरी आयोजना संचालनमा ल्याउने मोडालिटी भएता पनि वैदेशिक स्रोत प्राप्ति तथा आयोजना कारण सम्बन्धी विधि र प्रक्रियाका विषयमा विभिन्न टिका-टिप्पणी भए पश्चात तात्कालिन आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निर्णय अनुसारको रकम निकासा नभए पश्चात कार्यान्वयनमा जान नसकेको र त्यस पश्चात कोभिडको माहामारीसंगै कारणमा ओझेलमा परेको थियो । हालै त्यसको निकासको लागि प्रदेश मन्त्रिपरिषदबाट रुरल पोभर्टि रिडक्सन थ्रु डाइरेक्ट डेभलपमेन्ट इन नेपाल (आरपिआर डिडिएन) नामक संस्था आयोजना कार्यान्वयन विधि प्रक्रिया अध्ययन गर्ने कार्यदलको गठन तथा कार्य शर्त २०७८ स्वीकृत भएको छ । निकट भविष्यका कार्य शर्त अनुरुप अध्ययन प्रतिवेदन प्राप्त भए पश्चात यस सम्बन्धी कार्य अगाडि बढ्ने विश्वास यस सदन समक्ष जानकारी गराउन चाहन्छु । भूमी व्यवस्था

कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयले वार्षिक विकास कार्यक्रम अन्तर्गत संचालन गर्ने अनुदान सम्बन्धी कार्यक्रमहरु प्रदेश सरकारबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी कार्यविधि एकिकृत कार्यविधि, २०७७ र सोको अधिनमा रही मन्त्रालयबाट स्वीकृत सम्बन्धित कार्यक्रमहरुलाई मापदण्ड बमोजिम कार्यान्वयन गर्ने गराउने गरिएको छ । कार्यविधिले निर्दिष्ट गरे अनुसार हरेक अनुदान सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा सूचना प्रकाशन आवेदन संकलन स्थलगत प्रमाणिकरण तथा प्रस्ताव मूल्याङ्कन छनौट सम्झौता कार्यक्रम भुक्तानि निवेदन स्थल कार्य सम्पन्नता सम्बन्धी अनुगमन भुक्तानि जस्ता कार्यक्रमहरु क्रमवद्ध रुपमा गर्ने गराउने गरिएको छ । यस किसिमको प्रक्रियामा प्रदेश प्रवेश गरेका सबै किसिमका अनुदान सम्बन्धी कार्यक्रमहरु संचालनमा रहेको र निर्दिष्ट समय भित्र पुरा गर्ने व्यहोरा यस सदन समक्ष जानकारी गराउन चाहन्छु । प्रतिष्पर्धा बिना निजि क्षेत्र वा कानूनी व्यक्तित्व ग्रहण गरेका निकायहरुमा वा स्थान तोकी सिमित व्यक्ति लाभान्वित हुने किसिमले अनुदान सम्बन्धी कार्य संचालन हुँदा विगतमा महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण गरेर बेरुजु औंल्याउने गरेको पाईएकोले यस सन्दर्भमा के कसरी निकास निस्किन सक्छ भन्ने विषयमा परामर्श लिने क्रममानै रहेको र परामर्श प्राप्त भैसके पश्चात मन्त्रालयले आवश्यक निर्णय लिने यस सदन समक्ष जानकारी गराउन चाहन्छु । अन्तमा यस मन्त्रालयबाट संचालन हुने सबै खाले कार्यक्रममा यहाँहरुको निरन्तर रचनात्मक सल्लाह सुझाव र सहयोगको अपेक्षा गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ संसोधन मस्यौदा समितिका सभापति माननीय ओमकला गौतमलाई प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, मिति २०७७ साल आषाढ २३ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार प्रदेस सभा नियमावली २०७४ लाई संसोधन गरी समसामयिक रुपमा सुधार गर्नको लागि गठन भएको प्रदेस सभा नियमावली चौथो संसोधन मस्यौदा

समितिको बैठक माननीय मणिभद्र शर्माको अध्यक्षतामा मिति २०७७ साल असार २८ र २९ गते चैत्र १० र २६ गते बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु कुमार खडका, कृष्ण थापा, कृष्ण बहादुर थापा, गायत्री गुरुङ, मायानाथ अधिकारी, मोहन प्रसाद रेग्मी, रामजी प्रसाद बराल जीवन र हरिशरण आचार्यको उपस्थिति रहेको थियो । साथै बैठकमा प्रदेश सभा माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान, माननीय उपसभामुख सिर्जना शर्माको विशेष उपस्थिति रहेको थियो ।त्यसै गरी माननीय मोहन प्रसाद रेग्मीको अध्यक्षतामा मिति २०७८ साल भदौ २६ र असोज ७ गते समितिको बैठक बसेको थियो । बैठकमा समितिका माननीय सदस्य ओमकला गौतम, खिमविक्रम शाही, गायत्री गुरुङ, धनमाया पोख्रेल लामा, विष्णु प्रसाद लामिछाने, भागवत प्रकाश मल्ल, मायानाथ अधिकारी र राजिव पाहारीको उपस्थिति रहेको थियो । साथै, बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा, माननीय उपसभामुख सिर्जना शर्माको विशेष उपस्थिति रहेको थियो । यसै गरी माननीय ओमकला गौतमको अध्यक्षतामा मिति २०७८ असोज १९, पौष २७, माघ ११, २०, २१, फागुन २६, २७, चैत्र ६, ७ र २२गते समितिको बैठक बसेको थियो । समितिको बैठकमा समितिका माननीय सदस्यहरु आशा कोईराला, गायत्री गुरुङ, धनमाया पोख्रेल लामा, खिमविक्रम शाही, विष्णु प्रसाद लामिछाने, भागवत प्रकाश मल्ल, मायानाथ अधिकारी, मोहन प्रसाद रेग्मी, पियारी थापा, राजिव पाहारी उपस्थित रहेको थियो । साथै बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापा, माननीय उपसभामुख सिर्जना शर्माको विशेष उपस्थिति रहेको थियो ।समितिको बैठकमा छलफल तथा निर्णयको क्रममा संसोधनको बुदा नं. ७ को पदेन सदस्यको मताधिकारको विषयमा माननीय मायानाथ अधिकारी, मोहन प्रसाद रेग्मी र राजिव पाहारीले असहमति राख्नु भएको छ । यस प्रकार विभिन्न समितिमा समितिको बैठक बसी ब्यापक छलफल गरी सदस्यहरुको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधन सम्बन्धमा संसोधन प्रतिवेदनको बुदा नं. ७ को पदेन सदस्यको मताधिकारको विषयमा बहुमतबाट र सो बाहेक अन्य सबै विषयहरुमा सर्वसम्मत निर्णय भए बमोजिम

प्रस्तुत प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधन मस्यौदा समितिको यो प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५ ओमकला गौतम सभापति नियमावली संसोधन मस्यौदा समिति धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई बिधायन समितिको प्रतिवेदन सहित "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ चैत्र ७ गते प्रस्तुत भई मिति २०७८ चैत्र ८ गते विधायन समितिमा दफाबार छलफलको लागि पठाईएकोमा समितिबाट प्रतिवेदन सहित "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क बमोजिम समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५ विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री ।

**माननीय सभामुख**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।माननीय सदस्यहरु, अब, बिधायन समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न

तथा विवाद समाधान गर्न बनेको विधेयक" माथिको दफावार छलफल प्रारम्भ हुन्छ ।छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेकोछु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री विकास लम्साल**

माननीय सभामुख, महोदय "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयकको दफाबार छलफलमा सहभागी हुन चाहन्छु । विधेयक अब यो हाम्रो एउटा नयाँ प्राक्टिस छ सभामुख महोदय, हामी हाम्रो नयाँ संविधानमा संविधानको अनुसूची ९ मा हाम्रा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा धेरै कुराहरु संविधानमा पनि प्रष्ट छ र यो विधेयक ल्याउँदाखेरी अब हाम्रो यो संघीयतामा गएका विभिन्न मुलुकहरुको कुरा हेर्दाखेरी धेरै मुलुकहरुमा दुई तहको प्राक्टिस छ र दक्षिण अफ्रिका, ब्राजिल, अर्जेन्टिना, स्वीजरल्याण्ड जस्तै हाम्रोमा यो तिन तहको प्राक्टिस हामीले गरेका छौं । अहिले के छ भने संघीय सरकारले स्थानीय सरकार संचालन ऐन २०७४ ल्याईसकेको छ । स्थानीय तहले पनि काम गरेको छ । हामी एउटै भूगोलभित्र तिन तहका सरकार छन् । स्थानीय हुन्छ स्थानीय आफ्नै एउटा निश्चित भूगोलभित्र हुन्छ । त्यहाँ माथि प्रदेशको पनि त्यो कार्यक्षेत्र हुन्छ । त्यहाँ माथि फेरी संघको पनि कार्यक्षेत्र हुन्छ । त्यसलाई हामी समन्वय सहकार्य र सह-अस्तित्वमा गरेनौं भने हामी यो अहिलेको यो नयाँ संविधान अनुसार यो नयाँ प्राक्टिसमा जाँदाखेरी धेरै समस्याहरु आउन सक्छन् र यो विधेयकले पक्कै पनि यी कुराहरुलाई सहजिकरण गर्नेछ र सहज बनाउने छ र धेरै कुराहरु अब यो पहिला सैद्धान्तिक छलफल पनि भैसकेको छ दफाबार अब यो समितिमा पनि गैसकेको छ । धेरै कुराहरु यसमा नियमपूर्वक नै आएका छन् हामी यसलाई सकारात्मक रुपमा लिन्छौं, सभामुख महोदय । अलि यो विधेयकलाई अझ धेरै धेरै यसलाई शुद्धशुद्धी त यसमा धेरै छन् ति पछी पनि सच्चिएलान् तर केही कुराहरु म यसलाई मैले मसिनो गरी हेर्दा खेरी केही यसमा अलिकति सच्याउनु पर्ने पनि मैले महशुस गरेको छु । सभामुख महोदय, अब यो पक्कै पनि यी सच्चिने छन्

। अब यो मैले राखेका कुराहरु यो हाम्रो विधेयकको धारा २ मा यो परिभाषामा परिभाषाको खण्ड (ङ) मा स्थानीय तह भन्नाले प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउने छ भनेर राखिएको छ यसमा । हाम्रो प्रदेश भित्र उपमहानगरपालिका छैन सभामुख महोदय, कमसेकम विधेयक बनाउँदाखेरी त्यसलाई यो अब कपी गर्दाखेरी आयोकी अन्यत्र भएको प्रदेशबाट उपमहानगरपालिका नभएकोलाई यो अहिले तत्कालै यो राज्य पुर्नसंरचना भएर उपमहानगरपालिका हुने संभावना पनि छैन । यो विधेयक बनाउँदा यति कुरा त कमसेकम यसलाई उपमहानगरपालिका भन्ने शब्द हटाउँदा यो अझ राम्रो प्रभावकारी हुन्छ भन्ने मलाई लाग्छ । यसलाई त्यो शब्द परेछ र धारा ३ को यो समन्वय कायम गर्नुपर्ने यसलाई उपमहानगरपालिका हटाउँदाखेरी नै यो राम्रो हुन्छ प्रभावकारी हुन्छ भन्ने लाग्छ विधेयकलाई हामीले यसलाई अलि विधेयक भनेको एउटा कानून पनि हो यसलाई त्यो अलि चलिहाल्छनि भनेर हामी नजाँदा नै राम्रो हुन्छ भन्ने मलाई लाग्छ र यो धारा ३ को यो समन्वयात्मक गर्नुपर्ने काममा यो  उपधारा (२) मा उपधारा (१) को सर्वसामान्यता भनेर लेखिएको रहेछ यो सर्वसामान्यता भनेको यो शब्द के भन्न खोजेको हो यो सर्वमान्यतामा भन्न खोज्या हो की यो अलिकति यसलाई यो दफालाई नै  हेर्न पर्ने मैले देखेको छु । यसलाई राम्ररी यो सच्याउनु पर्ने सर्वसामान्यता लेखेको छ के सर्वमान्यता लेख्न खोज्या हो की यो शुद्धशुद्धि यसलाई  अलि राम्ररी हेर्नुपर्यो । विधेयक संसदमा आईसक्दाखेरी समितिबाट आईसक्दाखेरी दफा गर्दाखेरी यसमा हाम्रो यो कर्मचारीहरुले पनि यसमा अलि ध्यान दिएर यो फेरी प्रकाशनमा जाँदाखेरी पनि अनि यो हाम्रो कम्प्युटरबाट त्यही जाने अनि छापिएर आईसके पछी पनि अरुले हेर्दाखेरी विधेयक कमजोर नहोस यसले हाम्रो संसदको गरिमालाई पनि ख्याल गर्छ । ख्याल पुर्याउनु पर्ने हुन्छ सभामुख महोदय, र यो धारा ५को स्थानीय तहबीचको समन्वय भनेर जुन धारा ५ को उपधारा १ मा स्थानीय तहहरुले भन्नु पर्दैन स्थानीय तहले सामूहिक वा आपसी सरोकारका विषयमा आपसी समन्वय सहकार्य र सहअस्तित्वको आधारमा कार्यसम्पादन गर्नुपर्ने छ । हरु भन्ने राख्न पर्दैन सभामुख महोदय, त्यसमा तह भन्ने राखेपछी त्यो प्रष्ट हुन्छ त्यस्तै त्यो उपधारा २ मा पनि त्यो धेरै ठाउँमा त्यो तहहरु भनेर राखिएको छ । यसलाई मिलाउँदा राम्रो होला र हाम्रो यो उपधारा ५ कै ३ मा धारा ५ को उपधारा ३

मा उपधारा २ बमोजिम योजना तर्जुमा कार्यान्वयन र संचालन गर्दा स्थानीय तहले आयोजनाको लागत तथा त्यसबाट प्राप्त हुने लाभको बाँडफाँडमा एक अर्काले समन्वय गर्नेछन् भनेर राखिएको छ । समन्वय र साझेदारी समन्वय मात्र भन्दा खेरी फेरी नहोला अब त्यो एउटाले गरेको काममा जाँदाखेरी साझेदारी भन्ने शब्द समन्वय र साझेदारी गर्नेछन् भन्दा खेरी दुईटैको समान हुन्छ दायित्व जिम्मेवारी हुन्छ भन्ने कुरा राख्दा राम्रो हुन्छ भन्ने मलाई लागेको छ, सभामुख महोदय । यसमा र साझेदारी भन्ने थप्दाखेरी प्रभावकारी होला भन्ने मैले ठानेको छु अब यो यो विषय थपेर जाँदाखेरी राम्रो होला अब यसमा शुद्धशुद्धिमा धेरै कुराहरु छन् ति विषयहरु पक्कै पनि पछि पनि हेरिनेछ र अर्को अब हाम्रो धारा ८ को (ख) मा क्षेत्रगत योजना नीतिगत योजना तथा कार्यक्रममा एकरुपता निरन्तरता तथा गुणस्तरियता कायम गर्न तथा कानून योजना नीति भनिएको छ यसमा यसमा कानून नीति र रणनीति योजना तथा आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारी ल्याउन आवश्यक समन्वय गर्ने भनेर राख्दा खेरी यहाँ अलिकति भन्न खोजिएको कुरा त त्यही हो त्यो अलि मिलेको छैन, सभामुख महोदय । यसलाई मिलाएर जाँदाखेरी अझ धेरै प्रभावकारी हुन्छ भन्ने मलाई लागेको छ । अब मैले यो मैले भने अनुसारनै राख्दाखेरी अझ यो वाक्य अलि प्रष्ट हुन्छ भन्ने मैले मलाई लागेको छ सभामुख महोदय, यसरी धेरै अब यो विधेयक एकदमै अति आवश्यक छ । यसले संघीयतालाई बलियो बनाउनका लागि तिनै तहमा आफ्नो एउटा सहकार्य सहअस्तित्व र समन्वयका लागि यो एकदमै आवश्यक विधेयक हो हुन त संघीय प्रदेश संघमा पनि प्रधानमन्त्रीको अध्यक्षतामा एउटा समन्वय परिषद छ । प्रदेशमा पनि मुख्यमन्त्रीको अध्यक्षतामा छ । हामीले विगतमा सरकार संचालन गर्दाखेरी स्थानीय तहलाई बोलाएर सबै विकास निर्माणका काममा सहकार्य गर्ने वहाँहरुको कुरा पनि प्रिजिन्टेसन गर्ने अहिलेको सरकारले त्यो के गर्दैछ अब यो विधेयकहरु आउनु आफैमा राम्रो हो त्यो विधेयक आईसकेपछी त्यसलाई कार्यान्वयनमा जाने कुरालाई पनि अलि प्रभावकारीता होस भन्ने म ठान्दछु । सभामुख महोदय, यस्तै यो धारा १९ को उपधारा ५ मा उपदफा ४ बमोजिम सभाले गरेको निर्णय अन्तिम हुनेछ भनेर लेखिएको छ त्यसमा प्रदेश सभाले भनेर राख्दाखेरी प्रदेश भन्ने शब्द राख्दाखेरी अझ यो प्रष्ट हुन्छ भन्ने मलाई लागेको छ । अब यो एउटा थप्दाखेरी हुन्छ सभा भने पनि प्रदेश सभा बुझिन्छ भन्ने माथि व्याख्यात्मक नभएको हुनाले हामीले धेरै

व्याख्यात्मक टिप्पणी हुने ठाउँमा यसो सभा लेख्ने गरिन्छ यसमा प्रदेश सभा लेख्दाखेरी नै प्रष्ट हुन्छ भन्ने मलाई लागेको छ । यसले यति कुराहरु हामी समावेश गरेर गयौं भने मलाई लाग्छ अब यो विधेयक अलि अब म्याच्युरड हुनेछ राम्रो हुनेछ प्रभावकारी हुनेछ अरुले हेर्दाखेरी पनि गण्डकी प्रदेश सभाले राम्रो मिहिनेत गरेर विधेयक तयार गरेछ भन्ने हुनेछ भन्ने विश्वास लिदै मेरो भनाई यही अन्त्य गर्न चाहन्छु । हस् त    धन्यवाद ।

**माननीय सभामुख,**

अब, माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री सरिता गुरुङ**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गरी तथा विवाद समाधान गर्न बनेको विधेयक माथिको दफाबार छलफलमा भाग लिन यस गरिमामय सदनमा प्रस्तुत भैरहेको छु । माननीय सभामुखज्यू, यस विधेयकको परिच्छेद १ देखी ५ र दफा २७ र त्यसको उपदफाहरुमा अन्तर प्रदेश स्थानीय तहहरुको बिच बर्तमान तथा भविष्यमा हुन सक्ने विवादहरुको सम्बन्धमा स्पष्ट रुपमा व्यवस्था गरिएको छ । माननीय सभामुखज्यू, यो स्थानीय तह अन्तर प्रदेश सम्बन्धमा यो ऐन कानून नबनिसकेको कारणले यो देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भैसकेपछि तिन तहको सरकारको स्थापना भैरहेको छ । त्यसमा यस्ता ऐन कानूनहरु नबनिरहँदा खेरी हामी आफैले पनि यो कतिपय विवादहरु समाधान गर्न कठिनाई भैरहेको छ त्यसैले यो विधेयकमा मैले दफा १ देखी ५ र परिच्छेद १ देखी ५ र दफा २७ सम्म र त्यसको उपदफाहरुमा अध्ययन गरिरहँदा खेरी यो विधेयक ऐन बनिसके पछि पक्कै पनि यो कुराहरु सल्टेर र समाधान भएर जानेछ भन्ने म आफूले विश्वास लिएको छु । माननीय सभामुखज्यू, नेपालको संविधान २०७२ को धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बिच सहकार्य सहअस्तित्व र समन्वय सहकारिता सहअस्तित्व र समन्वय सिद्धान्तमा आधारित हुने उल्लेख छ र धारा २३५ को उपधारा २ र ३ मा प्रदेश गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसंग समन्वय गरी यस्तो विवादहरुको समाधान गर्न सक्ने प्रदेश कानून बिच रहेकोले भन्ने यसमा व्यवस्था गरिएको छ । माननीय सभामुखज्यू, मलाई

के थाहा छ भने हाम्रो यो ऐन नबनिसकेको अवस्था र जिल्ला समन्वय समिति स्थापना छ तर त्यो छ त्यसको कार्यान्वयन पक्ष असाध्यै कमजोर छ किनभने जिल्ला समन्वय समितिले यो हामी सबैले अनुभव गरिसकेको अनुभूति गरिसकेको कुरा हो किनभने अनुगमन त जिल्ला समन्वय समितिले गर्ने गर्दछ तर वहाँले त्यसलाई प्रोत्साहन गर्ने दण्ड सजाय दिने अथवा त्यसलाई पुरस्कृत गर्ने अधिकार नभएकै कारणले गर्दा खेरी त्यो स्थानीय तह बिच र  अन्तर प्रदेश बिच यो प्राकृतिक साधन स्रोत लगायत विभिन्न कुराहरुमा सीमानाको कुराहरुमा विवाद भैराखेको छ । हामी आफैले पनि यो सदनमा यो रोष्ट्रममा उभिएर कतिपय कुराहरु उठाईराखेको थियो अन्तर प्रदेशको कुरामा जस्तो पानीको मूल माथी एउटा प्रदेशमा छ भने आर्को प्रदेशमा जादोरहेछ । एउटा स्थानीय तहबाट अर्को तहमा जाने त्यस्तै गरी हाम्रो उत्तरगंगाको कुरा प्रदेश नम्बर गण्डकी प्रदेशको की लुम्बिनी प्रदेशको भन्ने यही चलेको थियो । त्यसै गरी हाम्रो काली गण्डकी अब विश्वकै एउटै मात्रै शालिग्राम उत्पादन गर्ने काली गण्डकी नदी संघको की प्रदेशको भन्ने बारे पनि यहाँ सबै गण्डकी प्रदेशको माननीयज्यूहरु सर्बदलिय त्यहाँ डेलिगेशन गएको कुरा हामीलाई यो सबैलाई सर्वविदितै छ । त्यसैले म आफूलाई के लाग्छ भने यो नभनेकै कारणले यो ढुङ्गा गिट्टि बालुवा पनि अब तनहुँमै पनि  विभिन्न ठाउँमा पनि यसको बारे यो यसको समाधान गर्न सकिएको छैन चाहे त्यो सिञ्चाईको कुरा होस् चाहे त्यो जलविद्युतको कुरा होस् चाहे त्यो खानेपानीको कुरा होस् एउटा मूल हुने उपभोक्ता अर्को ठाउँमा हुँदाखेरी यहाँ विवाद चुलिएको छ । मलाई लाग्छ पक्कै पनि यो विधेयक र यो कानूनको रुपमा यो ऐनमा आईसके पछि यो विवादबाट हामी गण्डकी प्रदेश मुक्त हुनेछ भन्ने म आफूले विश्वास गरेको छु । माननीय सभामुखज्यू, प्रदेश कानूनले गर्दा अन्तर प्रदेश संघ, प्रदेश र गाउँपालिका  नगरपालिका बिचको विवाद जि.स.स. सम्बन्ध र गुण दोष सहित र ठीक र बेठिक छुट्टाउन जि.स.स.लाई यो अधिकार नभएकै कारणले गर्दा मैले अघि नै भनिसके त्यो सम्बन्धमा अलिकति कठिनाई भएको छ । अब यो कुरामा पनि हामीले अलिकति ध्यान पुर्याउनु पर्छ भन्ने मलाई लाग्छ । हुन त म आफू एउटा यो विधायन समितिको सदस्य हुँ र यो सैद्धान्तिक छलफलमा पनि यो कुराहरु राख्न पर्ने र यो छलफल भैसकेको छ तैपनि म आफूलाई लागेको कुरा यसमा खटकिएको छ र आर्को कुरा माननीय सभामुखज्यू, गण्डकी प्रदेश स्थित तहको लागि बनेको विधेयक

कानून ऐनको रुपमा आएको अवस्थामा यस्ता विवादहरुलाई समयमा समाधान हुनेछ भन्ने म आफूले विश्वास गरेको छु । किनभने यो यस्तो कुराहरु समयमानै समाधान भैसकेपछि विकासको गति लिन्छ र जनताले पनि आफ्नो हक अधिकार कति हो र प्राकृतिक स्रोत साधनलाई पहुँचवालाले मात्रै त्यसमा नराखी सबैको बराबर सही सदुपयोग हुन सकिन्छ र आवश्यकता र पहिचानको आधारमा चाहे त्यो पूर्वाधार विकास होस चाहे त्यो मानविय विकास होस चाहे त्यो सामाजिक विकास होस यो न्यायपूर्ण हुनेछ भन्ने म यसमा विश्वास राख्दै म र मेरो दलको यसमा समर्थन रहेको कुरा माननीय सभामुख मार्फत जानकारी गराउँन चाहन्छु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री गायत्री गुरुङ**

माननीय सभामुखज्यु, आज हामी यो गण्डकी प्रदेश सभा तथा स्थानीय तहबिच समन्वय कायम गर्ने तथा विवाद समाधान गर्ने विधेयकमा छलफल गर्दै छौं । यो विधेयक यो २७ वटा बुँदामा आएको छ र यो ११ पेजको छ । यसलाई मैले सरसर्ति हेरे । संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनासंगै यो हाम्रो प्रदेश सभा पहिलो अभ्यास हो । यो पहिलो अभ्यासको सन्दर्भमा हामीले अभ्यास गरिरहदाखेरी यहाँ थुप्रै समस्याहरु आउन सक्छन् संघको कुरा प्रदेशको कुरा स्थानीय तहको कुरा यो बिचमा समन्वय नहुँदा खेरी धेरै समस्याहरु आउने गर्छन् । जब हामीले यो प्रदेश सभालाई बलियो बनाउन सक्छौं तब हाम्रो सङघीयता पनि बलियो हुन्छ । हाम्रो प्रदेश सभा कमजोर भयो भने सङघीयताको सन्दर्भमा पनि ठूला ठूला कोईसनहरु गम्भिर कोईसनहरु आउन सक्छन् । त्यसले गर्दाखेरी यो विधेयक निकै नै महत्वपूर्ण छ । यो सङघीयता कार्यान्वयनको सन्दर्भमा यसले ठूलो महत्व राख्छ भन्ने मैले महशुस गरेको छु । मैले यसरी हेरे हाम्रो प्रदेशको सन्दर्भमा हामी एघार जिल्ला हाम्रो प्रदेशमा छ । ८५ वटा पालिका यहाँ छन् । त्यो हिसाबले हेर्दाखेरी मैले सरसर्ति यो विधेयकलाई हेरे यो विधेयक हेर्दाखेरी यो संक्षिप्त नामको कुरा परिभाषाको कुरा समन्वय कायम गर्ने, त्यसपछि आयोजना कार्यान्वयनमा समन्वय, स्थानीय तहबिच समन्वय, समन्वय सम्बन्धी कार्यविधि, प्रदेश विषयगत समिति,

प्रदेश विषयगत समितिका काम, कर्तव्य, अधिकार, प्रतिवेदन विवाद नआउने गरी कार्य सम्पादन गर्ने गर्नुपर्ने राजनीतिक विवाद भएमा सूचना दिनुपर्ने विशेष समिति गठन गर्ने, राजनीतिक विवाद भयो भने, यसो गरी सूचना पठाउने विशेषज्ञ समूह गठन गर्ने, प्रदेश सरकारसंग समन्वय, स्थलगत अध्ययन वार्ता छलफल र परामर्श गर्ने आवश्यक निर्णय गर्न सक्ने, विवाद समाधान गर्ने, यसै गरी निर्णय कार्यान्वयन गर्नुपर्ने, प्रतिकुल असर नपर्ने, प्रदेश र स्थानीय तहबिच सम्पर्क सचिवालयले सहयोग गर्ने, यसै गरी निर्णय कार्यान्वयनमा सहयोग गर्ने, प्रचलित कानून बमोजिम हुने नियम, बनाउने अधिकार लगायतका यी बुँदाहरु हेर्दाखेरी निकै मसिनो गरेर असाध्यै राम्रो ढङ्गले गम्भिरतापूर्वक यो विधेयक आएको छ र पहिला माननीयज्यूहरुले नि आफ्नो कुराहरु राखिसक्नु भएको छ की यसलाई अलि मसिनो गरेर शुद्ध-अशुद्ध हेर्ने कुरामा हाम्रो ध्यान जानुपर्छ होला नत्र समग्रमा यो विधेयक राम्रो छ, आउनुपर्ने छ, अझ छिटो आएको भए अझ राम्रो हुने थियो भन्ने मलाई लागेको छ र अन्तिममा यो विधेयकमा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्ठी माओवादी केन्द्र संसदीय दलको पुर्ण समर्थन रहेको जानकारी गराउदै मेरो आफ्नो भनाई यही अन्त्य गर्न चाहन्छु । धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री कृष्ण बहादुर थापा**

माननीय सभामुख महोदय, आज हामी यो सम्मानित सभामा निकै महत्वपूर्ण विधेयकको बारेमा छलफल गरिरहेका छौं । गण्डकी प्रदेश तथा स्थानीय तहबिच समन्वय कायम गर्न तथा विवाद समाधान गर्नको लागि बनेको विधेयकको बारेमा माननीय सभासदज्यूहरुबाट निकै महत्वपूर्ण सुझावहरु आईसकेको छ र स्थानीय सरकार हामीले नेपालमा पहिलो पटक यसको अभ्यास गर्दैछौ हाम्रो संविधान मार्फत र स्वभाविक स्थानीय तह जसलाई हामीले स्थानीय सरकार नै भनेका छौं । यो जनताको घर आँगनको पहिलो सरकार भएको हुनाले अब यसको बारेमा स्वभाविक गण्डकी प्रदेश सरकारले जुन चाँसो राखेको छ र यो सम्मानित सभामा जुन विधेयकनै ल्याएर यो प्रदेश र स्थानीय तह बिचको समन्वय कायम गर्न विवादहरु समाधान गर्नको लागि यो विधेयक प्रस्तुत भएको

छ । मलाई लाग्छ  यो एकदमै महत्वपूर्ण छ र धेरै विषयहरु यसमा आईसकेका छन् तैपनि मैले यहाँ केही केही विषयहरु अलिकति यो हामी दफाबार छलफलमा पनि भएको हुँदा यसलाई एउटा सुझावको रुपमा म यहाँ प्रस्तुत गर्न चाहन्छु । सभामुख महोदय, यो विधेयक अनुसार पृष्ठ १ को दफा २ को परिभाषा शिर्षकको उपदफा (ज)  मा एउटा सच्चाउनुपर्ने देखिन्छ । स्थानीय तह भन्नाले प्रदेश भित्रका गाउँपालिका नगरपालिका सम्झनुपर्छ भन्नेमा स्थानीय तह भन्नाले जिल्ला सभा पनि सम्झनु पर्छ । यो थप गर्नुपर्ने देखिन्छ किनभने  संविधानको धारा ३०६ को ८ मा स्थानीय तह भन्नाले यस संविधान बमोजिम स्थापना भएको जिल्ला सभालाई पनि सम्झनुपर्छ भन्ने उल्लेख भएको हुंदा हामीले त्यो थप्नुपर्ने हुन्छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को ३ को परिभाषा खण्डको उपदफा (म) मा पनि स्थानीय तह भन्नाले जिल्ला सभा समेत बुझिएको उल्लेख गरिएको छ । त्यस्तै गरेर दफा २ को दफा ३ को १ मा समन्वय सहकार्य र सहअस्तित्वको आधारमा गर्ने भनेर भन्दा पुग्छ । दोहोरो नहुने गरी भन्न जरुरी छैन भन्ने मलाई लाग्छ । उपदफा (२) को (१) मा थप गर्नुपर्ने जिल्ला- जिल्ला बिचको विवाद प्रदेश भित्रको विषयमा पनि समन्वय, सहकार्य र विवाद समाधान गर्न सकिने वडा वडा बिचको सिमा विवाद पनि एउटा थप गर्ने, यो बारेमा पनि यहाँ भन्न सकिन्छ । त्यस्तै गरेर उपदफा (३) को प्रदेश सरकार र स्थानीय तहको वार्षिक बजेट तथा योजना बनाउँदा एक आपसमा समन्वय रहनुपर्ने र प्रदेश सरकारले वार्षिक बजेट तथा योजना बनाउँदा स्थानीय तहका सभाले प्रस्ताव गरेका योजना र कार्यक्रमलाई प्राथमिकता दिदा राम्रो हुने र स्थानीय तहले आफ्नो बजेट कार्यक्रम र प्रदेशलाई संस्थागत जानकारी गर्ने र प्रदेशले अगाडि सारेका नीति कार्यक्रमलाई सहयोग हुनेगरी बनाउने त्यस्तै गरेर एउटै योजना अत्यावश्यक साझेदारी गर्नुपर्ने बाहेक दोहोरोपना हटाउने र स्थानीय तहहरुले वार्षिक बजेट र कार्यक्रम बनाउँदा प्रदेश सरकारसंग समन्वय गर्ने र प्रदेश सरकारले आवश्यक सहजिकरण गर्नुपर्ने र प्रदेश सरकारले बनाएको वार्षिक बजेट र कार्यक्रम अन्तर्गतका कतिपय योजनाहरु प्रकृति अनुसार सिधै कार्यक्रमका लागि पालिकाहरुमा पठाउन सकिने त्यो व्यवस्था गर्दा पनि राम्रो हुने । प्रदेश सरकार र स्थानीय तह गाउँपालिका नगरपालिका बीच समन्वय सहजिकरण गर्ने जिल्ला समन्वय समिति मार्फत गर्नुपर्ने किन गर्नुपर्ने भन्दा यो संविधानको व्यवस्था अनुसार संविधानको धारा २२० को

उपदफा ७ बमोजिम जिल्ला समन्वय समितिले प्रदेश कानून अनुसार काम गर्ने भनिएको तत् सम्बन्धी प्रावधान राख्नुपर्ने । प्रदेश सरकारले स्थानीय तहसंग समन्वय गर्ने प्रत्येक मन्त्रालय वा मुख्यमन्त्रीको सचिवालय मातहत  स्थानीय तह समन्वय ईकाई खडा गर्नुपर्ने त्यो गर्दा राम्रो हुने र स्थानीय सरकार संचालन ऐन २०७४ को १०७ दफाको अनुसार प्रदेश सरकारले जिल्ला समन्वय समितिको अधिकार क्षेत्र सम्बन्धित विषयमा कार्य गर्न जिल्लाले कार्य गर्न जिल्ला समन्वय समितिलाई सहयोग गर्नुपर्ने प्रावधान राख्नुपर्ने । प्रदेश सरकार र स्थानीय तहको बिचको साझा अधिकारको सूचिमा रहेका विषयहरुलाई अगाडि बढाउन प्रदेश विषयगत समन्वय  समिति बनाउनु पर्ने र दफा १४ को विशेषत समूहगत कुनै राजनैतिक दल आवद्ध नभएको भन्नु भन्दा विषयवस्तुमा दखल भएको त्यो प्रावधान राख्दा राम्रो हुनुपर्ने र सभामुख महोदय, गण्डकी प्रदेशमा हाम्रो यो प्रदेशमा एक मात्र महानगर भएको र हाम्रो यो प्रदेशको राजधानी पनि यही महानगर भित्र भएको हुँदा गण्डकी प्रदेश हामीले यस्ता विधेयकहरु ल्याईरहँदा बनाईरहँदा यो महानगरसंगको सहकार्य समन्वय र विशेष गरेर धेरै मेगा प्रोजेक्टहरु महानगरमै हुने हुँदा त्यसलाई एउटा विशेष कानूनी व्यवस्था गरेर छिटो एउटा फास्ट ट्रायकमा काम गर्ने त्यो व्यवस्था हुँदा राम्रो हुन्छ । यो सम्मानित सभामा आजको यो विधेयकको बारेमा मेरा आफ्ना यो छलफलको विषयमा आफ्ना विचारहरु यसरी राख्दै हामी अब सम्भवत यो हिउँदे अधिवेशनको अन्तिम अन्तिममा पनि छौं र अब हामी छिटो स्थानीय निर्वाचनमा जादैछौं र यो निर्वाचनले हाम्रो स्थानीय तहलाई र प्रदेश बिचको यो सम्बन्धलाई अझै आगामी दिनमा सुमधुर बनाउने छ भन्ने त्यो विश्वासका साथ हाम्रो नजिक आईरहेको नयाँ वर्ष २०७९ को पनि हाम्रो सम्मानित सभामुखज्यू यहाँ रहनु भएका सम्पूर्ण आदरणीय सभासद मित्रहरु यहाँहरु सबैको अर्को रुममा रहनु भएका पत्रकार साथीहरु सबै सबैको ०७९ सालले एकदम समुन्नति सुस्वास्थ्य र सबै सबै प्रगतिको लागि सुखी नेपाली समृद्ध नेपाल निर्माणमा हामी सबै अझै एकसाथ अगाडि बढ्ने छौ भन्ने शुभेच्छा सहित आफ्नो भनाई टुङ्गयाउन चाहन्छु धन्यवाद । हार्दिक अभिवादन ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश तथा स्थानीय तहबिच समन्वय कायम राख्न तथा विवाद समाधान गर्न बनेको विधेयक उपर दफाबार छलफलमा जुटेका छौं र यो दफाबार छलफलको क्रममा यो विधेयक विधायन समितिमा व्यापक रुपमा छलफल भएर यो सम्मानित सभामा आएको छ र विद्वान माननीयज्यूहरुबाट धेरै महत्वपूर्ण सुझावहरु पनि हामीलाई प्राप्त भएको छ । नेपालको संविधानको धारा २३५ को उपधारा २ र ३ मा प्रदेश गाउँपालिका वा नगरपालिका समन्वय कायम गर्ने र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका नगरपालिका र जिल्ला समन्वय समितिसंग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने र यसरी विवाद समाधान गर्ने प्रक्रिया प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ । प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्रको कार्यसम्पादन गर्दा संघीय संरचनाको मर्म बमोजिम एक आपसमा समन्वय सहकार्य र सहअस्तित्वको आधारमा र दोहोरो नपर्ने गरी गर्नुपर्दछ भनिएको छ । प्रदेश सरकार र स्थानीय तहले वार्षिक बजेट तथा योजना कार्यान्वयन सम्बन्धी विषयमा एक अर्कामा सूचनाको आदान प्रदान गर्नुपर्ने छ भनिएको छ । दुई वा दुई भन्दा बढी स्थानीय तहहरुले आपसमा समन्वय र सहकार्य गरी दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने गरी संयुक्त रुपमा कुनै आयोजनाको तर्जुमा, विकास कार्यान्वयन र संचालन गर्न सक्ने छन् भनिएको छ । यसरी कार्यान्वयनमा जाँदा विवाद उत्पन्न भएमा सम्बन्धित स्थानीय तहको अनुरोधमा आवश्यक समन्वय गर्न प्रदेशले सक्नेछ भनिएको छ र यो विवाद राजनितिक विवाद उत्पन्न भएको खण्डमा अब यो बर्तमान विधेयकमा हामीले प्रस्ताव गरेको विधेयकमा प्रदेश विषयगत समिति गठनको व्यवस्था गरेका छौं र त्यसमा मन्त्री अध्यक्ष रहनेछ र त्यस्तै गरेर विशेष समिति ७

सदस्यीय विशेष समितिको पनि व्यवस्था गरिएको छ । माननीय सभामुखज्यूले राजनितिक विवाद उत्पन्न भएको हो भन्ने खालको निर्णय महषुश भएमा माननीय सभासदहरु मध्येबाट ७ सदस्यीय विशेष समितिको गठन गर्ने प्रावधान छ यसमा समावेशी हिसाबबाट सबै पार्टीका माननीयज्यूहरुलाई समावेश गरेर एउटा विशेष समिति गठन गर्न सकिने व्यवस्था गरेको छ र विशेष समितिले पनि विशेषज्ञ समूह कानूनी वा प्राविधिक जटिलता देखिएमा त्यस्तो विषयको विज्ञलाई विशेषज्ञ समूह गठन गर्न सकिने व्यवस्था गरेको छ र यो विशेषज्ञ समूहमा कुनै पनि राजनीतिक दलमा आवद्ध नभएको व्यक्ति ३ जना ३ सदस्यीय गराउन सकिने भन्ने प्रावधान राखेको छ र यो अहिलेको विधेयक जुन अव विधायन समितिमा व्यापक रुपमा छलफल भएर यो सम्मानित सभामा आएको छ र यहाँ विद्वान माननीयज्यूहरुबाट धेरै महत्वपूर्ण सुझावहरु आएको छ । चार जना माननीयज्यूहरुले आफ्नो धारणा पनि राखिसक्नु भएको छ । अलिकति शुद्धाशुद्धिका कुराहरु केही थपघट गर्ने कुराहरु पनि आएका छन् यसलाई हामीले पोजेटिभ रुपमा यसलाई सरकारले ग्रहण गरेको छ यसलाई सबै माननीयज्यूहरुको सुझावलाई महत्वपूर्ण रुपमा र यसलाई प्रदेश सरकारले एउटा खुराकको रुपमा पनि लिएको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु र यो शुद्धाशुद्धिको कुरामा हामीले प्रिन्टमा जाने बेलामा कर्मचारी साथीहरुले पनि हेर्नुहुनेछ । शुद्धाशुद्धि अलिकति हेरेर यसलाई प्रिन्टमा जाँदाखेरी त्यो मिलाउन पर्ने आवश्यकता मैले महशुस गरेको छु र आज जति पनि माननीयज्यूहरुले यो विधेयक माथि दफाबार छलफलको शिलशिलामा राख्नुभएको सुझावहरुप्रति म प्रदेश सरकारको तर्फबाट हार्दिक आभार र धन्यवाद व्यक्त गर्दै मेरो आफ्नो भनाई यही टुङ्ग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, यो छलफल यहिं समाप्त हुन्छ। माननीय सदस्यहरु, अब म, "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" का सम्बन्धमा बिधायन समितिको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले

"हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म, "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधन "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म, विधेयकको दफा १ देखि २७ सम्म "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको को दफा

१ देखि २७ सम्म सर्वसम्मतिले "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावना: नेपालको संबिधान बमोजिम गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा त्यस्ता इकाईहरु बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधान गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

अब म, विधेयकको प्रस्तावना र नाम "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र ७ गते प्रस्तुत भै मिति २०७८ चैत्र ८ गते विधायन समितिमा दफाबार छलफलको लागि पठाईएकोमा समितिबाट प्रतिवेदन सहित "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र २३ गते प्रस्तुत भएको "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५ विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री ।

**माननीय सभामुख**

अब म उक्त विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब, "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा

अनुरोध गर्दछु ।छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री धनन्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री धनन्जय दवाडी**

सभामुख महोदय, "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सैद्धान्तिक छलफलमा उपस्थित भएको छु । हाम्रो संविधानको धारा २७ मा सूचनाको हकको व्यवस्था छ । धारा २८ मा गोपनियताको हकको व्यवस्था छ । मौलिक हकलाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व राज्यको हुन्छ । २०६४ सालमा हाम्रो संघीय ऐन आईसकेको छ तर त्यसको प्रकाशमा सबै तहका सरकारहरु संघ सरकारले प्रदेश सरकारले स्थानीय सरकारहरुले पनि यो सूचनाको हकलाई प्रचलनमा ल्याउने व्यवस्था गर्ने काम र दायित्व सबै दलका सरकारहरुको हो । लोकतन्त्र पारदर्शिता र खुलापनमा मात्रै समृद्ध हुन्छ । लोकतन्त्रमा लोकतन्त्रलाई सुदृढ गर्ने हो भने पारदर्शिता र खुलापन अनिवार्य रुपमा अपनाउन जरुरी हुन्छ । न्यायपालिकाहरुको कामकारबाहीको सन्दर्भमा खुला ईजलासमा हुन्छ । ईजलासका कामकारबाहीहरु जनताले थाहा पाउँछन् । व्यवस्थापिका खुला हुन्छ छलफल हुन्छ लडाई हुन्छ मतमतामत हुन्छ तर कार्यपालिकाको खुलापन र पारदर्शिताको अभाव हुन्छ । कार्यपालिकाले भित्रै निर्णय गर्छ भित्रै कार्यान्वयन गर्छ त्यसकारणले आम जनताले थाहा पाउने गरेर आम जनताले बुझ्ने गरेर जनताले थाहा पाउने र जनताले बुझ्ने गरेर जनतालाई सूचनाको हक राइट अफ इन्फरभेशन भन्छौं, त्यो पाउने व्यवस्थाले लोकतन्त्रमा गरिन्छ । यसले लोकतन्त्रलाई सुदृढ गर्छ सरकारलाई जनताप्रति जवाफदेही बनाउँछ । यसकारणले सूचनाको हक जनता सार्वभौम हुन भन्ने मान्यता हामीले लोकतन्त्रमा गरिरहेका राखिरहेका छौ भने जनतालाई सार्वभौमसत्ता सम्पन्न हुन भन्ने कुरा प्रमाणित गर्नका निमित्त सूचनाको हक जरुरी हुन्छ । यसले सरकारलाई उत्तरदायी बनाउँछ जवाफदेही बनाउँछ । यसकारणले जुन सरकार जनताप्रति उत्तरदायी र जवाफदेही छैन उसले सूचना लुकाउँछ । जुन सरकारले सूचना लुकाउँछ त्यो सरकार निरङ्कुश हुन्छ । निरङ्कुश सरकारले लोकतन्त्रलाई सुदृढ गर्दैन त्यसकारण जनतालाई

शक्तिशाली बनाउनको लागि सूचनाको हक प्रचलन गर्नुपर्छ । हक सूचनाको हकलाई कार्यान्वयन गरिनुपर्छ । यो हाम्रो संविधानको मौलिक हक हो । मौलिक हक लोकतन्त्रको हाम्रो सब भन्दा सुन्दर र महत्वपूर्ण पाटो पनि हो । यसकारणले सूचनाको हकको विकासका सन्दर्भमा हामीले हेर्दाखेरी शुरुमा यसलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको पक्षबाट प्रेस स्वतन्त्रतासंग जोडेर हेरियो । प्रेस स्वतन्त्रतासंग जोडेर हेर्ने भएकाले अमेरिकी र भारतीहरु प्रेस स्वतन्त्रतासंगै यो सूचनाको हकलाई हेर्ने गर्छन् । अमेरिकीहरुले अमेरिकामा सूचनाको हक सम्बन्धी छुट्टै छलफल या भारतमा त्यस्तो भएको छैन उनीहरुलाई उनीहरु प्रेस स्वतन्तासंग यसलाई जोड्ने गर्छन् । त्यसकारणले हाम्रो देशमा पनि हामीले लामो समय पुरै यसलाई प्रेस स्वतन्तासंग जोडेर हेर्ने अभ्यास गर्यौं र मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ ले यस्तो व्यवस्था पनि गरेको छ । सबलिकरण गर्ने स्वीकार पनि गरेको छ वाक तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टीको कुरा पनि गरेको छ । अभिव्यक्ति विचार स्वतन्त्रतामा हस्तक्षेप गर्न नहुने सम्बन्धमा उल्लेख पनि गरेको छ । त्यही सन्दर्भलाई लिएर हेर्दाखेरी ४६ साल भन्दा अगाडि नेपालमा यस्तो कल्पना पनि थिएन किनभने त्यहा लोकतन्त्रको गुञ्जायस पनि जनताको आवाजको गुञ्जायस पनि थिएन त्यसकारणले सूचनाको हक पाउने कुरा वाक तथा स्वतन्त्रता अभिव्यक्तिको हक अधिकार थिएन त्यसकारण हामीले लामो लडाई लड्यौं । वाक तथा अभिव्यक्ति स्वतन्त्रताका निमित्त ०४७ सालमा बनेको संविधानको पहिलो संविधानको धारा १७ ले यसको व्यवस्था हक स्थापित गरेको छ । सूचनाको हकको हक स्थापित गरेको थियो २०६२।६३ को आन्दोलन पछी हामीले बनाएको अन्तरिम संविधानले पनि त्यो ०४७ सालको संविधानको धारा १७ लाई संसोधन गरेर धारा २७ मा यसको व्यवस्था गरेको छ र अहिले नेपालको संविधान जुन हामी कार्यान्वयन गरिरहेका छौ नेपालको सन्दर्भमा छलफल गरिरहेका छौ यसले मौलिक हकलाई यसमा समावेश गरेको छ । यो हाम्रो धारा २७ मा व्यवस्थित छ अघि नै मैले उल्लेख गरे यसकारणले यो धारा २७ मा उल्लेख भएको मौलिक हकलाई कार्यान्वयन गर्ने सन्दर्भमा संघ प्रदेश र स्थानीय सरकारहरु जवाफदेही हुनुपर्छ र उनीहरुलाई जति जवाफदेही बनाउन सकिन्छ जनताप्रति उत्तरदायी बनाउन सकिन्छ हाम्रो लोकतन्त्रलाई हामीले सुदृढ र बलियो बनाउन सक्छौ । यसकारणले यो सूचनाको हक सम्बन्धी

विधेयक बन्न जरुरी थियो सरकारले यो विधेयक बनाएर ल्यायो यसका निमित्त सरकारलाई धन्यवाद पनि दिनुपर्छ । यो अधिकार कार्यान्वयन गर्ने दायित्व त राज्यको हो । जनताको मौलिक हकको सुरक्षा गर्ने दायित्व राज्यको हुन्छ सूचना पाएनन् जनताले भने गणतन्त्र लोकतन्त्र जे नाम दिए पनि त्यो निरङ्कुशतन्त्र हुन्छ । त्यसकारणले सूचना लुकाउने कुरा अपराध हुन्छ लोकतन्त्रमा त्यस्तो काम गरिनु हुन्न यो विधेयकमा नै हामीले सूचना दिन मिल्ने सूचना दिन नमिल्ने सूचनाका व्यवस्था गरेकै छौ । त्यसकारणले मुलुकको जनताले जति धेरै थाहा पाए जति धेरै छलफल गरे जति जानकारी प्राप्त गरे त्यतिनै लोकतन्त्रलाई सुदृढ र बलियो बनाउन सकिन्छ किनभने लोकतन्त्रको सरकार जनताबाट निर्वाचित हुन्छ जनताको प्रतिनिधि हो जनताको प्रतिनिधि भएकोले जनतालाई लुकाउनु पर्ने कुनै पनि कुरा हुन्न । उ सार्वभौम हिसाबले जनताप्रति जवाफदेही हुनुपर्छ भन्ने कुरा मान्यता विधेयकले स्थापित गर्छ । यसकारणले यो विधेयले प्रादेशिक चरित्र पनि बोकेको छ संघीय चरित्र भन्दा अलिकति फरक र पृथक पनि छ । संघका केही चिजहरुलाई यो विधेयकले बोकेको छ । सूचनाको पहुँचको कुरा सार्वजनिक निकायको दायित्व र जिम्मेवारीको कुरा सार्वजनिक निकायको दायित्व सबै सरकारले मात्रै होईन सबै ठाउँहरुमा जहाँ निर्णय हुन्छ जहाँ निर्णयहरु छन् सबै सूचनालाई पारदर्शि गरिने कुरा यसले भनेको छ । सूचना प्रकाशनको दायित्व सुम्पिएको छ सार्वजनिक सुनुवाई गर्ने कुरा गरेको छ सूचना अधिकारीको व्यवस्थाको कुरा गरेको छ सूचनाको संरक्षणको कुरा पनि गरेको छ र सूचना दुरुपयोग गर्न नहुने कुरा पनि गरेको छ । यी सबै कुराहरु यी कामहरु गरेर विद्यालयलाई स्वास्थ्य संस्थालाई उपभोक्ता समितिलाई यति सम्म की आमा समूहका लागि पनि यो नियम बनाउनका निम्ति यो विधेयकले प्रस्ताव गरेको छ ।यसका प्रकाशमा हामीले के आग्रह गरौ हामीले के विश्वास गरौ भने हामीलाई स्थानीय सरकारहरुले पनि यसका प्रकाशमा यस्ता खालका सूचनाका हक सम्बन्धी व्यवस्थाहरु विधि सम्मत ढङ्गले कार्यान्वयन गर्नेछन् । यसको कार्यान्वयन भयो भने जति धेरै पारदर्शिता हुन्छ सरकारका कामकारबाहीहरु देखिन्छन् त्यतिनै के हुन्छ जनता सुसुचित हुन्छन संगठित हुन्छन् । उनीहरु के ठीक के बेठीक भन्ने चयन गर्न सक्ने अवस्थामा हुन्छन् र हाम्रो लोकतन्त्रले सुदृढिकरणको यात्रा तय गर्छ । हाम्रो लोकतन्त्र सुदृढ गर्ने बाटोमा जान सक्छ यसकारणले सरकारले नै यो लोकतन्त्रलाई सुदृढ गर्ने गरेर यो

विधेयक ल्याएका कारणले सरकारलाई फेरी एकचोटी धन्यवाद भनौ र यो विधेयकलाई समृद्ध बनाउँदै गण्डकी प्रदेश सभाले गण्डकी प्रदेश भित्रका सबै जनताले सूचना पाउँन पाउनु पर्ने अधिकारलाई सहज ढङ्गले स्थापित गर्न सक्यौं भने हाम्रो सफलता हुनेछ धन्यवाद ।

**माननीय सभामुख**

अब म, माननीय सदस्य श्री मन कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यस पछी पियारी थापा ।

**माननीय श्री मन कुमारी गुरुङ**

माननीय सभामुख महोदय, कानून संचार तथा प्रदेश मामिला समिति प्रदेश मामिला मन्त्री माननीय विन्दु कुमार थापाद्वारा यस गरिमामय सदनमा प्रस्तुत भएको गण्डकी प्रदेश सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको सैद्धान्तिक छलफलको पक्षमा म यहाँ उपस्थित भएको छु र यो सूचनाको हक सम्बन्धी जुन व्यवस्था गर्न बनेको विधेयक यो गण्डकी प्रदेश सरकारले विधेयक कानून बनाउँने तर्फ लागेको एकदमै राम्रो कुरा हो र यो अहिलेको २१ औ शताब्दिमा सूचनाको हकबाट बञ्चित कोही हुन सक्दैन र नेपालको संविधानको धारा २७ मा सूचनाको हक स्पष्ट रुपमा जनतालाई अधिकार दिएको छ र त्यस्तै धारा २८ मा गोपनियताको हक पनि छ र जुन नेपालको कानूनले व्यवस्था गरेको जुन यो सूचनाको हक सम्बन्धीलाई थप प्रभावकारी बनाउनको लागि र प्रभावकारी बनाएर यो कार्यान्वयनको लागि गण्डकी प्रदेश सरकारले ऐन बनाउनको लागि गण्डकी प्रदेशको जनताहरुलाई सुसूचित गराउनको लागि यो विधेयक ल्याईएको छ र यो सैद्धान्तिक पक्षको छलफल भएको हुनाले विधान समितिको साथीहरुले माननीयज्यूहरुले धेरै घनिभूत रुपमा छलफल गरेर यहाँको कमजोरी सबल पक्ष निर्बल पक्ष सबै केलाएर व्यापक छलफल होस् भनेर निवेदन गर्न चाहन्छु र अहिलेको एक्काईसौ शताब्दी ग्लोबलाईजेशनको जमाना र यहाँ गण्डकी प्रदेशमा अझै पनि हामी माथि चुमनुङ्ग्रीको सामागाँउ लोप्रोकतिर जाँदै गर्दा अथवा धार्चेको त्यही माथि खोलातिर जाँदै गर्दा अथवा तल अजिरकोटको सिरानडाँडामा जाँदै गर्दा त्यहाँ टावरले नटिपेर यो टेलिफोन टावरहरु त्यहाँ बिस्तार गर्नुपर्ने छ र त्यहाँ जुन सूचनाको हकबाट हाम्रो यो गण्डकी प्रदेश

अझै पनि बञ्चित भैरहेको अवस्था छ । गण्डकी प्रदेशको जनताहरु हामी त्यहाँ जाँदा पनि हामी के भईराखेको छ भन्ने कुरा थाहानै हुँदैन कहिले टिप्ने कहिले नटिप्ने कहिले माथि डाँडामा गएर यता के भैरहेको छ होला भन्ने कुरा सुन्नुपर्ने अवस्था छ र जुन यो विधेयक बने पश्चात यो सबै कमी कमजोरीहरु हटोस र जुन यो विधेयकले गण्डकी प्रदेशको सबै पक्ष सबल होस् भन्न चाहन्छु र सूचनाको माध्यमबाट नै विकासका कुराहरु सबै कुराहरु विकासका कुराहरु पनि यहाँ जोडेको हुन्छ र त्यही कारणले पनि समृद्धि तर्फ यो सूचनाको जति पहुँच भयो त्यतिनै यो प्रदेश समृद्ध तर्फ जाने हो र सूचनाको हकबाट जुन यो ०४६ साल भन्दा अगाडि र अथवा हामी अलि सानो सानो हुँदै के थियो भने र बहुदल आए पश्चात पनि हामीले गाँउ घरमा सूचनाको निम्ति केही थाहा नहुने अथवा गाँउमा मिटिङ गर्दै गर्दा पनि त्यो बेलामा एउटा कटुवालको व्यवस्था गरेको हामीले नै भोगेर आएको हो त्यहाँ टेलिफोन हुन्थेन केही हुन्थेन हैन एउटा गाँउमा सामान्य मिटिङ गाँउको १५,२० घर जम्मा हुँदा पनि एउटा माथि डाँडामा गएर कटुवाल राख्ने कटुवाल कराएर अनि त्यहाँ के भैराखेको छ भन्ने कुरा त्यस्तो चलन पनि थियो र अहिले यो हाम्रो यो विकासको क्रममा जुन नेपालमा लोकतन्त्र स्थापना भयो त्यो पश्चात सबैको हातमा अहिले टेलिफोनहरु आएको छ । यसलाई हामीले यो व्यवस्थामा विकास भएको मान्नुपर्छ र अझै पनि यो सबै ठाउँमा यो अहिलेको अवस्थामा पनि सूचनाको हकबाट बञ्चित भैराखेको अवस्था छ मैले अघिनै भने जुन यो विधेयक ल्याए पश्चात यो गण्डकी प्रदेशको हाम्रो जनताहरु यो बाट बञ्चित नहोस भनेर म यहाँ सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु र धेरै कुराहरु नभनिकन अहिले हामीलाई सूचनाको जुन जरुरी छ र सूचनाको हक दिदै गर्दा भन्दा पनि कताकति मिसयुज भैराखेको अवस्था पनि हामीले देख्छौं । कतिपय हाम्रै धारा २८ ले संविधानको धारा २८ मा व्यवस्था छ की गोपनियताको हक सम्बन्धी र त्यो पनि अहिलेको बढी यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा यो पनि अलिकति मिसयुज भएर व्यक्तिगत जुन व्यक्तिगत अथवा संस्थागत कुराहरुमा कतिपय कुराहरुमा हस्तक्षेप भैराखेको अवस्था छ र त्यस्तो कदापी नहोस र सही सदुपयोग होस भन्न चाहन्छु र जुन गण्डकी प्रदेश सरकारले यो सूचनाको हक सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अहिले सैद्धान्तिक छलफलमा ल्याएको छ । अझ फेरी पनि म सम्झाउन चाहन्छुकी पुनः यो घनिभूत

रुपमा छलफल गराएर छिटो लागू हुने गरेर छिटो पास हुने गरेर यो जनताले जति पनि कमी जनताले अहिले सम्म पाएको छैन की यो सबै ठाउँमा समान हकमा समान दृष्टिकोणले यहाँ सबै जनताहरुले यो सूचनाको हक पाएको छैन । त्यसकारणले फेरी पनि म सरकारलाई सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु की यो गण्डकी प्रदेशको एघार वटै जिल्लामा जहाँ अलि टावरको कमजोर छ त्यहाँ टावरको व्यवस्था होस् भन्न चाहन्छु र त्यहाँ र सबै ठाउँमा विद्युत मार्फत यो विद्युतिय सूचनाहरु सबै ठाउँमा भए पश्चात मात्र सबैले समान हकमा पाईन्छ नत्र हामी यहाँ सूचना सम्बन्धी नेपालको संविधानले दिने र सबै ठाउँमा नेपालको संविधानमा भए यसलाई प्रभावकारी बनाउनको लागि हामीले यसमा थप बल गराउने हो । संविधान एकातिर र जनता एकातिर अथवा यो सबैले कार्यान्वयन गर्ने पक्षतिर गएको छैन । यो हामी आफैले भोगेको कुरा हो हामी बजारबाट थोरै गाउँतिर जादै गर्दाखेरी यो सबै समान रुपमा पाईदैन त्यसले गर्दाखेरी कता कति ठाउँमा घट्ना घटिरहेको अवस्था हुन्छ । तत्काल सूचनाको अभाव हुँदा ज्यान गैराखेको अवस्था हुन्छ । कतिपय ठाउँमा बिरामी भैरहेको हुन्छ त्यस्तो ठाउँमा उत्तिनखेरै उद्दार गर्न नसक्ने अवस्था हुन्छ कतिपय ठाउँमा महत्वपूर्ण कुराहरु निर्णय गरिराखेको हुन्छ । हामी बाहिर जाने बेलामा पनि गाउँतिर छिर्ने बेलामा पनि बजारमा केही भैराखेको छ कुन कहाँ के भैराखेको छ भन्ने कुरा त्यो थाहा हुँदैन । त्यही कारणले पनि एकदमै यो गण्डकी प्रदेशले यो जुन अहिले यो विधेयक लागू भए पश्चात एकदमै सबैलाई सेवा पुगोस भन्दै यो आउदै गरेको नयाँ साल २०७९ ले गण्डकी प्रदेशको सबै वासीहरुको सुख समृद्धि र शान्ति छाओस भन्दै यही प्रदेश सभाबाट सबै प्रदेशवासीलाई शुभकामना नयाँ सालको शुभकामना दिदै म र मेरो दलले यो विधेयकलाई समर्थन गर्दै विदा हुन्छ । हस धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री पियारी थापा**

माननीय सभामुख महोदय, संपूर्ण माननीयज्यूहरुलाई चुनाव लागे जस्तो छ यो जनताको जनतासंग प्रत्यक्ष सरोकार राख्ने विषयमा हामी यसरी सैद्धान्तिक छलफल गरिरहँदा खेरी

माननीयज्यूहरुको उपस्थितिले यो खालको प्रत्याभूति गराउँछ । कति जनता प्रति उत्तरदायी हुनुहुन्छ जनता प्रति सचेत हुनुहुन्छ जनताका हक अधिकारहरुलाई सुनिश्चित गराउँनका निमित्त वहाँहरु कति प्रतिवद्ध र कटिवद्ध हुनुहुन्छ भन्ने कुराको यो पनि एउटा उदाहरण हो जस्तो लाग्छ । सम्बन्धित पक्षको ध्यान जान जरुरी छ । माननीय सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर हामी सैद्धान्तिक छलफलको क्रममा रहेका छौं र यो सैद्धान्तिक छलफलमा आफ्ना भनाईहरु राख्नका निमित्त समय प्रदान गर्नुभएकोमा माननीय सभामुख प्रति हार्दिक आभार व्यक्त गर्दै मेरा आफ्ना भनाईहरु राख्ने अनुमति चाहन्छु । माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा यो राज्य र सरकार र जनता बिचको सुमधुर सम्बन्ध स्थापित गराउने कुरा र यो सार्वजनिक सेवा प्रदायक निकायलाई आफू जनताको सेवक हुँ न की मालिक भन्ने कुराको प्रत्याभूति दिलाउनका निमित्त यो विधेयक एउटा सही सावित होस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु र यसलाई सैद्धान्तिक सहमति रहेको जानकारी पनि म व्यक्त गर्न चाहन्छु र पारदर्शिता सुशासनको एउटा अङ्ग हो र यो पारदर्शिता सूचनाको माध्यमबाट प्रदत्त हुन्छ । त्यसकारणले गर्दा खेरी यो अत्यन्तै महत्वपूर्ण विधेयक हो र संघीय कानूनले प्रतिवन्ध गरेको सूचना बाहेकका सूचनाहरु वर्गिकरण गरी तत् सम्बन्धी अधिकारलाई नागरिक मैत्री बनाउनका निमित्त सम्बन्धित सेवा प्रदायक प्रणालीहरुलाई जिम्मेवार बनाउने कुरामा मन्त्रालयले सशक्त भूमिका निर्वाह गर्नका निमित्त मैले सुझाव दिन चाहन्छु हुन त विधेयकको उद्देश्यमा सूचनाको वर्गिकरण गर्ने विषय उल्लेख भएको छ र जसलाई व्यवहारत उतार्नका निमित्त अहिले जति पनि हामीले कानूनहरु बनाएका छौं त्यसलाई प्रक्रियागत रुपमा मात्रै भन्दा पनि व्यवहार रुपमा हामीले यसको कार्यान्वयन गर्नका निमित्त जरुरी छ । किनभने हिजोको इतिहास एउटा खालको इतिहासबाट आएको यो अहिले हिजोको व्यवस्था एउटा खालको व्यवस्था थियो जहाँ नागरिकहरुले बोल्न पाउँने अधिकार थिएन सुन्न पाउँने अधिकार थिएन सुसूचित हुने अधिकार थिएन र त्यो अधिकारलाई हामीले त्यो खालको व्यवस्था हामीले परिवर्तन गरेर पुग नपुग अहिले तीन दशक हामीले हाम्रो अहिले नयाँ अभ्यास र सुसूचित हुने अभ्यास जारी गरेको पनि लगभग तीन दशक बितिसकेको छ अझ पनि अझै पनी जनताहरु सुसूचित हुने अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ र त्यस्तो खालको अवस्था सिर्जना

नगर्नका निमित्त र  त्यस खालको अवस्थालाई निर्मुल बनाउनका निमित्त जुन विगत देखी सूचनाको हक एउटा प्रभावकारी रुपमा कार्यान्वयनमा नआउनका कारणले गर्दाखेरी र कार्यकारीहरुमा अहिले जुन खालको मृत अवशानमा पुगेका अवस्थाका प्रवृतिहरुको धङधडी अझै पनि रहेका कारणले गर्दाखेरी पनि यस्ता खालका व्यवहारगत समस्याहरु रहेका छन् र ति समस्याहरुलाई समाधान गर्नका निमित्त मन्त्रालयले सही रुपमा एउटा कार्यविधि बनाएर अगाडि बढ्नका निमित्त मैले अनुरोध गर्न चाहन्छु र यो विधेयकलाई मेरा आफ्ना केही सुझावहरु पनि व्यक्त गर्न चाहन्छु  र अहिले वास्तवमा भन्ने हो भने सूचना कक्षको निर्माण गर्नु प्रत्येक सेवा प्रदायक कार्यालयहरुमा सूचनाको त्यो विशिष्ट सूचना कक्षहरु निर्माण गर्नुपर्ने आवश्यकता छ । अहिलेको शताब्दीमा अहिले पनि जुन खालको हामीले सूचनाको कुरा गरिरहेका छौं एउटा सूचना पाटीमा सानो सानो अक्षरले लेखेका ति सूचना पाटी सम्म सबै वर्गको अथवा सबै तप्काको ध्यान जान नसक्ने अवस्था छ अथवा सबै तप्काले त्यसलाई आत्मसात गर्न नसक्ने अवस्था छ त्यसकारणले गर्दाखेरी विशिष्ट सूचना कक्षहरु सम्बन्धित कार्यालयले आफूले के सुझाव प्रदान गर्दछु अथवा के सेवा प्रदान हुन्छ हाम्रो कार्यालयबाट र यो सेवा लिनका लागि तपाईहरुले यो यो प्रक्रियाहरु पुरा गर्नुपर्छ भन्ने कुराहरुको एउटा विस्तृत जानकारी दिनका लागि एउटा डिजिटल माध्यमबाट त्यो सूचना प्रवाह गर्ने कुरालाई एउटा  प्रत्याभूति गराउँनका निमित्त पनि मैले एउटा सुझाव दिन चाहन्छु र अर्को कुरा स्थानीय भाषाबाट र यो साङ्केतिक भाषाहरु र अपाङ्गमैत्री विशेष क्षमता भएका व्यक्तिहरुका लागि पनि सूचनामैत्री अथवा यो सूचना प्राप्त गर्ने अधिकारको प्रत्याभूति गराउँनका निमित्त पनि त्यो खालको कामहरु गर्नका निमित्त मैले सुझावहरु दिन चाहन्छु र हाम्रो जस्तो विकट तथा शिक्षाको पहुँच सम्म नपुगेको अवस्थामा यसका लागि आवश्यक र उपयोगी माध्यमबाट सूचनाको पहुँच गराउने ग्यारेन्टी राज्यले गर्नुपर्छ र यो दायित्व सिर्जना हुन सक्छ खर्चिलो हुन सक्छ तर पनि त्यो खर्चिलो हुँदाहुँदै पनि जनतालाई सुसूचित गराउने अधिकार तथा जनतालाई सुसूचित गराउने दायित्व सरकारको हो राज्यको हो त्यसकारणले गर्दाखेरी त्यसका लागि सूचना कक्षको सूचना कोषको निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने मैले सुझाव दिन चाहन्छु र अर्को कुरा क्षतिपूर्तिको व्यवस्था यो विधेयकमा मैले कहि कतै पाएको छैन र समयमा क्षतिपूर्ति नपाउँदा खेरी गम्भिर प्रकारको समयमा त्यो सूचना नपाउँदा खेरी गम्भिर

प्रकारको क्षति पुगेको हुन सक्छ, हुन्छ भैरहेको पनि छ । त्यसकारणले गर्दाखेरी त्यो खालको गम्भिर क्षति पुगेकालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने सरकारको दायित्व हो त्यसकारणलले गर्दा खेरी यो विधेयकमा यी विषयहरु पनि आए भने अझ राम्रो हुने थियो व्यवस्थित हुने थियो र परिष्कृत हुने थियो भन्ने कुराहरु जानकारी गराउँदै अथवा अनुरोध गर्दै मेरो आफ्नो छोटो भनाई यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

सभामुख महोदय, गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्वयस्था गर्न बनेको विधेयक उपर यो सम्मानित सभामा सैद्धान्तिक छलफलमा हामी जुटेका छौं र यो सैद्धान्तिक छलफलको शिलशिलामा माननीयज्यूहरुबाट धेरै महत्वपूर्ण सुझावहरु आएका छन् । यसलाई हामीले यो सुझावहरुलाई गण्डकी प्रदेश सरकारले यसलाई महत्वपूर्ण रुपमा लिएको छ र यो विधायन समितिमा यस पछी यो सैद्धान्तिक छलफल पछी विधायन समितिमा यो विधेयक जानेछ र त्यस पछी  त्यहाँ ब्यापक रुपमा विधायन समितिमा पनि छलफल भए पछी यो फेरी पुनः यही सम्मानित सभामा आउने हुँदा खेरी माननीयज्यूहरुले जुन प्रकारको सुझावहरु राख्नु भएको छ विभिन्न बुँदाहरुमा ति बुँदाहरुमा अझै विधायन समितिमा पनि जाँदा खेरी हामीले यो संसोधनको प्रस्तावहरु पनि हामीले लान सक्छौं र विधायन समितिमा छलफल हुँदा खेरी त्यहाँ अन्य विषयहरु पनि थपघट गर्नुपर्ने काँटछाँट गर्नुपर्ने कुराहरु पनि त्यो समितिमा हुने हुँदा खेरी माननीयज्यूहरुलाई यो आज वहाँहरुले राख्नु भएको सबै सुझावहरु प्रति गण्डकी प्रदेश सरकार हार्दिक आभार व्यक्त गर्न चाहन्छ र सुझावलाई  मनन गरेर यसलाई थपघट र संसोधन गर्ने कुराको पनि  प्रतिवद्धता म जाहेर गर्न चाहन्छु । नेपालको संविधानको धारा २७ मा सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको  कुनै पनि विषयको सूचना मारने र पाउँने हक हुनेछ । यसकै धारा २८ मा गोपनियताको हकको व्यवस्था

गरेको छ व्यक्तिको जिउ आवास सम्पत्ति लिखत तथ्याङ्क पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनियता कानून बमोजिम बाहेक अतिक्रम्य हुनेछ भन्ने व्यवस्था छ । नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हक सम्बन्धी मौलिक अधिकारलाई प्रदेश तहमा समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक भएकोले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरिएको हो । सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सहज र सरल गराउनु राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशिल सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलनमा ल्याउने सम्बन्धमा सार्वजनिक व्यवस्था गर्न वाञ्छनिय रहेकोले यो ऐन आएको हो । यो विधेयकको कार्यान्वयन पछी सरकारी वा सार्वजनिक निकायमा, सुशासन कायम भई भ्रष्टाचार न्यूनीकरण हुने अपेक्षा राखिएको छ । अन्तमा यो आजको यो सैद्धान्तिक छलफलमा जति पनि माननीयज्यूहरुले आफ्नो सुझावहरु राखु भएको छ त्यो सुझावहरु उपर प्रदेश सरकार हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिदै मेरो आफ्नो भनाई टुङ्गयाउछु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब, यो छलफल यहिं समाप्त हुन्छ ।माननीय सदस्यहरु, अब म माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई मिति २०७८ चैत्र २३ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल चैत्र २३ गते प्रस्तुत भई मिति २०७८ साल चैत्र २५ गते सभामा विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम (१) (ख) बमोजिम दफावार

छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५ विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री ।

**माननीय सभामुख**

अब म उक्त विधेयकलाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु । विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर (७२) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयकको संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई "केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक"  माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा  २०७८ साल चैत्र २३ गते  प्रस्तुत भएको केही गण्डकी प्रदेश ऐन संसोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु ।  मिति २०७८।१२।२५ विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला   मन्त्री ।

**माननीय सभामुख**

अब म उक्त विधेयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृती भएको घोषणा गर्दछु । माननीय सदस्यहरु अब केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, केही गण्डकी प्रदेश ऐनलाई संसोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामी छौं । सर्वप्रथम त म विगतमा विधायन समितिमै रहेर त्यसको नेतृत्व गरेर ऐन निर्माण गरिने क्रममा हामीले धेरै प्रयास गरेर निर्माण गरिएको कतै संघीय कानूनसंग नबाझियोस् भन्ने कुरा पनि हाम्रो ध्यान आकर्षण भएको धेरै छलफल गरेर ऐनहरु निर्माण गर्यौ र अहिले गण्डकी प्रदेशमा ऐनलाई संसोधन गर्न बनेको विधेयकको सन्दर्भमा केही स्पष्ट गर्नुपर्ने कुराहरु सरसर्ति हेर्दा यो विधेयकमा केही स्पष्ट गर्नपर्ने कुराहरु शब्द चयन र शुद्धता अथवा भाषिक सन्दर्भ पनि यो संसोधनका सन्दर्भमा कुरा उठाईएको अथवा स्पष्ट गर्न खोजिएको सकारात्मक कुराहरु हामीले पायौं र मैले यसो भनिरहँदा विगतमा ४ नम्वर प्रदेश गण्डकी नभनिकन ४ नम्बर प्रदेश भनिरहँदा त्यतिबेला बनेका ऐनहरुमा विधेयकमा हाम्रो यो विधेयकबाटै हामीले ऐन बनाउने बेला ४ नम्बर प्रदेश भनेका थियौं जब हामी गण्डकी प्रदेशको नामाकरण गर्यौ त्यस पछी ति धेरै शब्दहरु परिमार्जित गर्ने कुरा पनि त्यहाँ प्रष्ट देखिन्छ । त्यति मात्रै हैन हामीले

गण्डकी प्रदेश या प्रदेश मात्रै भनेको ठाउँमा गण्डकी प्रदेश राख्नु पर्ने यस्ता धेरै विषयहरु त्यहाँ संसोधन भए उल्लेख भएको मैले सरसर्ति हेर्दा पाए । त्यति मात्रै हैन अहिले मन्त्रालयको विस्तारसंगै हिजका मन्त्रालयहरु आज ११, १२ वटा मन्त्रालय बन्दा सम्म ति मन्त्रालयको नाम पनि परिवर्तन गरेर सम्बन्धित मन्त्रीको कार्यक्षेत्र समेतलाई पनि उल्लेख गर्नुपर्ने मन्त्रालयको कार्यक्षेत्र समेत उल्लेख गर्नुपर्ने हुँदा ति विषयहरु पनि यहाँ समेटिएको र यो आवश्यकता पनि हो भन्ने हामीले महशुस गरेका छौं र यो मन्त्रालयको नाम परिवर्तन विगतको ४ नम्बर प्रदेशबाट गण्डकी प्रदेश जस्ता विषयहरु सकारात्मक हुन र यसलाई गर्नै पर्ने थियो । यो कानून बनाउँदा त्रुटी भन्दा पनि समय सापेक्ष छ प्रसङ्गबस अहिले त्यसलाई परिवर्तन गर्नुपर्ने विषय र त्यसलाई ऐनको रुपमा ल्याउनु पर्ने कुरा सान्दर्भिक नै छ र समितिको पुनराव्यवस्थाको कुरा पनि यहाँ उल्लेख गरिएको छ । मलाई के लाग्छ भने सन्दर्भ म यो दफाबार छलफल भन्दा पनि सन्दर्भ समितिहरु निर्माण गर्ने क्रममा पनि यसरी नै जोडिएर आउने हुँदा यी विषयहरु पनि शायद विधायन समितिमा व्यापक ढङ्गले छलफल हुनेछ र दफाबार छलफलमा पनि त्यसका विषयहरु उठ्ने छन् र त्यो ढङ्गले अगाडि गएको हेरेका छौं र अर्को के छ भने यो ऐनमा संघीय कानूनसंग बाझिएका धेरै विषयवस्तुहरु छन् भन्ने यदाकदा चर्चा त हामीले सुन्यौं । मलाई त्यस्तो धेरै त लाग्दैन तर केही केही बाझिएको हुन सक्छ त्यसको राम्रो अध्ययन गरेर दफाबार छलफलमा ति विषयहरुलाई पनि हामीले सम्बोधन गर्नुपर्छ भन्ने लाग्छ । अब विगतमा हामीले लोकसेवा आयोगको गठन नभएको बेला कतिपय सुशासन कायम गर्ने पारदर्शिता कायम गर्ने वा त्यस्तै खालका संरचना निर्माण गर्दाखेरी त्यसको महत्वपूर्ण जिम्मेवारी नीति योजना आयोगको प्रमुखलाई राखेर गर्ने गरेका थियौं र त्यो कुरा पनि कतै शायद यहाँ आउला छलफलमा आउला यस्ता विषयहरु पनि अहिलेको सन्दर्भ अनुसार अगाडि जानुपर्ने र ति विषयहरुलाई पनि समेटेर जानु पर्ने यी सबै दृश्यहरु हेर्दा खेरी मलाई के लाग्छ भने यो ऐनको आवश्यकता हो यो विधेयकको आवश्यकता हो र यसलाई ऐनको रुपमा परिणत गरेर विगतमा बनेका संरचना र त्यसको अहिलेको आवश्यकतालाई पनि सम्बोधन गर्दै अगाडि जाने र अझै पनि संविधानसंग बाझिएका विषयहरु छन् भने संघीय कानूनसंग बाझिएका कही कतै विषय छन् भने यसलाई

पुनरावलोकन गरेर छलफल गरेर यो ऐन मार्फत अझै व्यवस्थित गरेर अगाडि जानेछ भन्ने विश्वासका साथ म आफ्नो भनाई अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

अब म, माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री ललितकला गुरुङ**

माननीय सभामुख महोदय, केही गण्डकी प्रदेश ऐनलाई संसोधन गर्न बनेको विधेयकको छलफलको क्रममा उपस्थित भएको छु । संयोग कस्तो बन्यो भन्दा विधायन समितिमै बसेर हामीले ऐनहरु बनायौं विधेयकहरु पास गर्यौं । आज विधायन समितिकै अध्यक्ष हाम्रा निवर्तमान भन्नुपर्छ वहाँले भनिसक्नु भएको छ म धेरै मैले के बोलु फेरी म विधायन समितिमै छु । फेरी त्यहाँ दफाबार छलफल गर्ने क्रम छ यो कामले काम सिकाउँछ भन्छ । अनुभवले मान्छेलाई खार्छ अहिले यो विधेयक आवश्यक अनुसार आयो किन हामीले हामी संस्थापक प्रदेश स्थापना पछी ऐनहरु बनाउँदै आयौं, बनाउँदै आउँदा खेरी हामीले हुनत् बृहत छलफलकासाथ हामीले ऐनहरु पास गर्यौं । हामीले आज सम्म ५३ वटा विधेयक पास गर्यौं, काम गर्दै जाँदा खेरी सरकारले यो कानूनी राज्य कानूनले चल्नु पर्छ र काम गर्दा अप्ठ्यारो परे पछी फेरी हामीले यसलाई विधेयक मार्फत फेरी अगाडि बढ्नु पर्छ र कानूनत फेरी यसलाई सच्चयाउनु पर्छ । हामीले हामीमा चार वटा समितिहरु छन् हामी घुम्दै गर्दा खेरी हामीले अरु प्रदेशमा सात वटा समिति मैले बुझे अनुसार सात वटा समिति सम्म भएको पाए । हामीमा समितिका सभापतिहरु महिला छैनन् अरुमा महिला पनि भेटयौं किनभने यो त राख्न हुन्न भन्ने हैन हामीमा राखिएन त आवश्यकता अनुसार समिति क्रिएट गरेर पनि त्यहाँ बढाईएको छ । त्यहाँ पनि त्यसको लागि पनि ऐन चाहिने होला र अहिले त्यस्तै अघिनै कुरा आयो अब मन्त्रालयबाटै यो मन्त्रालयको संख्या नाम फेरी हेरफेर भए ति हेर्दैंगर्दा पनि यी यावत कुराहरु छन् । यसले गर्दाखेरी ऐन संसोधन गर्नका लागि यो विधेयक आवश्यक हो र विधेयक आएको छ हामी विधायन समितिमा ब्यापक छलफलकासाथ अगाडि बढनेनै छौं भन्दै मैले यी धेरै कुरा नगरिकन नजिकिदै छ नववर्ष २०७९ साल किन रोष्ट्रम पाएको बेला म किन यहाँबाट शुभकामना दिन कन्जुस्याई गरौं र माननीय सभामुखज्यू उपसभामुखज्यू, माननीय

मन्त्रीज्यूहरु, माननीयज्यूहरु, कर्मचारीज्यूहरु, सुरक्षाकर्मीज्यूहरु, पत्रकारज्यूहरु र यहाँ मार्फत सम्पूर्ण सुन्नुहुने सबै सबै गण्डकी प्रदेशवासीहरुमा नव वर्ष २०७९ सालको उपलक्ष्यमा सुस्वास्थ्य दिर्घायु उत्तर उत्तर प्रगति सुखशान्ति प्रगति समृद्धिको कामना गर्दै यहाँहरु सबैमा सकारात्मक सोंचको विकास होस त्यो शक्ति यहाँहरुमा प्राप्त होस भन्दै मलाई पनि त्यो शक्ति प्राप्त होस भन्दै शुभकामना व्यक्त गर्दै भनाई अन्त गर्न चाहन्छु धन्यवाद जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा**

सभामुख महोदय, केही गण्डकी प्रदेश ऐनलाई संसोधन गर्न बनेको विधेयक उपर यो सैद्धान्तिक छलफलमा धेरै महत्वपूर्ण सुझावहरु आएका छन् सर्वप्रथमत विद्वान माननीयज्यूहरुलाई यो सुझाव र सुझाको लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद व्यक्त गर्न चाहन्छु । विशेष गरेर यो केही गण्डकी प्रदेश ऐनलाई संसोधन गर्न बनेको विधेयक अघि यो माननीयज्यूहरुले भने जस्तै यो संघीय कानूनसंग केही हामीले बनाएका कानूनहरु बाझिएको अवस्था केही संविधानसंग पनि अलिकति तालमेल नभएको होकी भन्ने खालको देखिएको हुँदाखेरी यसलाई पनि एउटा समितिनै गठन गरेर समितिको संयोजकत्वमा मन्त्री नै राखी एउटा समितिनै गठन गरेर हामीले ब्यापक रुपमा छलफल गरेर सबै ऐनहरु यसमा ३५ वटा ऐनहरु हामीले अलिकति काँटछाँट र परिमार्जन गरेका छौं र थपघट पनि गरेका छौं केही बुँदाहरु झिकिएको पनि छ भने कुनैमा थपिएको पनि छ सुर्तिजन्य पदार्थ ऐन हामीले बनायौं त्यसमा संघीय कानूनमा ७५ प्रतिशत सम्म त्यो विज्ञापनको ७५ प्रतिशतसम्म राख्न पाँउने व्यवस्था रहेछ । यो सुर्तिजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ भन्ने शब्द लेख्नुपर्ने हामीकोमा प्रदेशकोमा ९० प्रतिशत भएको हिसाबले यो कार्यान्वयनमा जान सकेन । त्यसले गर्दा त्यो ९० लाई पनि फेरी हामीले

७५ मै झारेर संघीय कानून अनुसार मिलाएका छौँ । म केही कुराहरु यो विषयमा राख्न म अनुमति चाहन्छु । सभामुख महोदय, प्रस्तुत केही गण्डकी प्रदेश ऐनलाई संसोधन गर्न बनेको विधेयक गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट गठित प्रदेश कानून पुनरावलोकन समितिले सम्बन्धित मन्त्रालयका सचिव लगायत प्रतिनिधिसंग छलफल अन्तरक्रिया गरी मस्यौदा गरेको हो । यस संविधानको विधेयकमा विभिन्न ३५ वटा प्रचलित गण्डकी प्रदेश ऐनमा संसोधन समेटिएका छन् । कानून तर्जुमा दृष्टिकोण कानून र न्यायका सिद्धान्त तथा संविधान र प्रचलित संघीय कानूनसंगको अनुकूलताको आधारमा पुनरावलोकन गरी प्रचलित प्रदेश कानूनमा सुधार गर्न खोजिएको छ भने नीतिगत विषयमा सम्बन्धित मन्त्रालयको प्रस्ताव अनुसार संसोधनको विषय समेटिएको छ । यस संसोधन विधेयकमा हालसम्म गण्डकी प्रदेशमा निर्माण भएका ऐनको नाम एकरुपता ल्याउने र ऐनमा प्रदेशको नाम गण्डकी प्रदेश डट डट ऐन राख्दा गण्डकी प्रदेशले बनाएको ऐन पढ्ने हेर्ने जोसुकैले जोसुकैमा यो ऐन गण्डकी प्रदेशले बनाएको हो भन्ने स्पष्टता आई यसको प्रयोगमा सहजता आउने देखिन्छ । यसमा कुनै विवादित विषय र नीतिगत तात्विक फरक पर्ने विषय समेटिएको छैन केबल कानून तर्जमाका दृष्टिले सुधार गरिएको छ भने कतिपय अस्पष्ट विषयलाई थप प्रष्ट पार्ने प्रयाश गरिएको छ । गण्डकी प्रदेश सरकारको कार्यविभाजनमा भएको हेरफेरमा विभिन्न ऐनमा पर्न गएको मन्त्रालयको नाम लगायतका अस्पष्टतालाई यसले सम्बोधन गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून मन्त्रालय र अर्थ मन्त्रालय बाहेक अन्य मन्त्रालयको नामको हकमा आगामी दिनमा मन्त्रालयको नाम परिवर्तन भएको कारणले मात्र ऐन संसोधन गर्नु नपर्ने गरी गण्डकी प्रदेश सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रालय भनि परिभाषा गरिएको छ । सम्बन्धित ऐनमा समावेश गर्नुपर्ने छुटेका कतिपय विषय थप गरिएको छ भने आवश्यक नपर्ने विषय हटाईएको छ भने कतिपय संघीय कानूनसंग प्रतिकूल विषयलाई संघीय कानूनसंग तादात्म्यता ल्याउने प्रयाश गरिएको छ । कतिपय ऐनमा परिमार्जन गर्नुपर्ने विषय सम्बन्धीत मन्त्रालयले छुट्टै मस्यौदा गरी पेश गर्ने भन्ने जानकारी भए अनुसार ति ऐनका विषयमा यस ऐनमा समेटिएको छैन । अन्तमा फेरी पनि माननीय सदस्यज्यूहरुबाट जुन खालको सुझावहरु आएको छ त्यसलाई हार्दिक आभार र धन्यवाद दिन चाहन्छु र म पनि प्रदेश सरकारको तर्फबाट यो नजिकिराखेको नयाँ वर्ष २०७९ को उपलक्ष्यमा

संपूर्ण स्वदेशमा रहने र विदेशमा रहने नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु । सुस्वास्थ्य दिर्घायु र उत्तरोत्तर प्रगतिको पनि कामना गर्न चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब, यो छलफल यहिं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई मिति २०७८ चैत्र २३ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल चैत्र २३ गते प्रस्तुत भई मिति ०७८ साल चैत्र २५ गते सभामा विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम (१) (ख) बमोजिम दफाबार छलफलका लागि विधायन समितिमा पठाईयोस भनि प्रसताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२५ विन्दु कुमार थापा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री ।

## माननीय सभामुख

अब म उक्त विधेयकलाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ केही गण्डकी

प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृती भएको घोषणा गर्दछु । विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।माननीय सदस्यहरु, अब म, माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेलले मिति २०७८ चैत्र २५ गते प्रस्तुत गर्नुभएको महालेखापरीक्षकको आर्थिक बर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन, छलफलको लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम २०१ को उपनियम (२) बमोजिम सार्वजनिक लेखा समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । माननीय सदस्यहरु, उक्त प्रस्तावलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु । माननीय सदस्यहरु, अब म, माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेलले मिति २०७८ चैत्र २५ गते प्रस्तुत गर्नुभएको मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशको आ.ब. २०७७/७८ को बार्षिक प्रतिवेदन छलफलको लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।माननीय सदस्यहरु, उक्त प्रस्तावलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु । माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन अन्त्य सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो को व्यहोरा म पढेर सुनाउँछु।

बिषयः प्रदेश सभाको चालु अधिवेशन अन्त्य गरिएको ।

श्री माननीय सभामुखज्यू,
प्रदेश सभा, गण्डकी प्रदेश, पोखरा।

प्रदेश सरकार गण्डकी प्रदेश, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको चालु अधिवेशन संवत २०७८ साल चैत्र २५ गते शुक्रवार राति १२.०० बजेदेखि अन्त्य गरेको छु।

पृथ्वीमान गुरुङ
प्रदेश प्रमुख

माननीय सदस्यहरु, अब यो अधिवेशन अन्त्य पनि भयो अब नयाँ वर्ष पनि आउँदैछ । सम्पूर्ण देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली अनि नेपालीहरु हाम्रो प्रदेशमा रहने नेपालीहरु र माननीय सदस्यहरु अनि राष्ट्रसेवक कर्मचारीहरु जनप्रतिनिधिहरु स्थानीय तहका जनप्रतिनिधिहरु मन्त्रीज्यूहरु, मन्त्रीज्यू मात्र अब यो अधिवेशन शायद नयाँ जनप्रतिनिधि पनि लिएर आउँछ होला स्थानीय तहका ति अहिले विद्यमान बर्तमान अवस्थामा रहेका जनप्रतिनिधिहरु र नयाँ जो स्थानीय तहको जुन पछी आउँने जनप्रतिनिधिहरु समेतलाई यो प्रदेश सभा, सबैको सबैको उत्तरोत्तर प्रगतिको कामना गर्दछ । दिर्घायुको कामना गर्दछ सु-स्वास्थ्यको कामना गर्दछ र यो सबै कामना गर्दै यो प्रदेश सभा गण्डकी प्रदेश सभाले सबैको उत्तरोत्तर प्रगति सहित शुभकामना व्यक्त गर्दछ धन्यवाद । माननीयज्यूहरु माननीय सदस्यहरु अब यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ ।